सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ चैत २०७९, शनिबार (8 April 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

गम्भीर सवारी दुर्घटना गराउनेलाई समेत अदालतबाट न्यूनतम सजाय

ऐनमा 'लापरबाही' शब्दको स्पष्ट परिभाषा नहुँदा इजलासैपिच्छे फरक-फरक व्याख्या गरी गम्भीर दुर्घटनामा समेत न्यून सजाय

शिल्पा कर्ण/नयाँ पत्रिका

गम्भीर सवारी दुर्घटना गराएका घटनालाई समेत अदालतले 'लापरबाही' मान्दै न्यून मात्र सजाय सुनाउने गरेको छ। सवारी तथा यातायात व्यवस्था ऐनमा 'लापरबाही' शब्दको स्पष्ट व्याख्या नभएकाले इजलासैपिच्छे र दुर्घटना हेरेर फरक-फरक व्याख्या गरी गम्भीर दुर्घटना गराएका घटनामा समेत न्यून सजाय सुनाउने गरेको हो।

२९ पुस ०७६ मा चितवन जिल्ला अदालतबाट भएको एक फैसलालाई यसको उदाहरण मान्न सकिन्छ। ४ असोज ०७६ मा एकै दिशामा गइरहेको मोटरसाइकललाई बसले ठक्कर दिँदा मोटरसाइकलचालकको मृत्यु भएको घटनामा इजलासले 'ओभरटेक गर्दा ख्याल गर्नुपर्नेमा चालकले नगरेको, तर त्यसैलाई लापरबाही भन्न नमिल्ने' निष्कर्ष निकालेको छ। लापरबाहीबाट दुर्घटना गराएको सरकारी दाबीविपरीत फैसला गर्दै अदालतले मुद्दाका प्रतिवादी बसचालक कुलबहादुर कोइरालालाई तीन महिना कैद र दुई हजार जरिवाना हुने सजाय मात्रै सुनायो।

मुद्दाको फैसलामा भनिएको छ, 'निश्चित गन्तव्यमा पुग्नुपर्ने सवारीसाधनले आफ्नो अगाडि सुस्त गतिमा गुड्ने सवारीसाधनलाई सवारीसम्बन्धी ऐन-नियमको पालना गरी ओभरटेक गर्नुलाई अन्यथा मान्न मिल्ने हुँदैन। तथापि, त्यसरी ओभरटेक गर्दा विपरीत दिशाबाट आएको सवारीसाधनलाई समेत ख्याल गरी सावधानीपूर्वक आफ्नो सवारीसाधन चलाउनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीबाट सोसम्म भए-गरेको देखिएन। तैपनि सो कार्यलाई नै लापरबाही भन्न मिलेन।' दुर्घटनापछि बसचालक कोइराला भागेका थिए।

०००

कारचालक २२ वर्षीय पृथ्वी मल्लले विनालाइसेन्स मदिरासमेत सेवन गरेर सवारी चलाउँदा बुढानीलकण्ठमा दुर्घटना भई व्यक्तिको ज्यान गएको सरकारी वकिलको दाबीलाई काठमाडौं जिल्ला अदालतले पनि यान्त्रिक गडबडी भनेर न्यून सजाय तोकेको छ। प्रतिवादीकै साक्षीको बकपत्रलाई टेकेर कारको ब्रेक नलागेको, स्टेरिङ जाम भएको भन्दै न्यायाधीश सूर्यप्रसाद अधिकारीले सवारी ज्यान मुद्दामा न्यूनतम अर्थात् ६ महिना कैद र एक हजार रुपैयाँ जरिवाना हुने मात्रै सजाय सुनाए। ७ चैत

» पृष्ठ २ मा क्रमशः

०७८/७९ मा अदालतहरूमा सवारी ज्यानसम्बन्धी मुद्दा

सर्वोच्च अदालत

लापरबाहीपूर्वक सवारी चलाएर ज्यान मारेका १४७ मुद्दा रहेकामा ११ मात्रै फर्स्यौट

सातवटामा कसुर ठहर, चारमा सफाइ

उच्च अदालत

६३ मुद्दा पुनरावेदन भएकामा १९ को फैसला

१६ मुद्दामा कसुर ठहर र तीनमा सफाइ

जिल्ला अदालत

१५१६ मुद्दामा २१७९ जना प्रतिवादी कायम

६७२ मुद्दाका ८४० माथि कसुर ठहर, १७४ मुद्दाका २९१ लाई सफाइ



लापरबाहीभन्दा यान्त्रिक त्रुटि पुष्टि गर्न जोड

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारीचालकले सवारीभित्र वा बाहिर रहेका कुनै मानिसलाई किचेर, ठक्कर दिएर वा कुनै पनि किसिमले सवारी प्रयोग गरी तत्कालै ज्यान लिएमा वा दुर्घटनाको २१ दिनभित्र सवारीबाहिर रहेको मान्छेको ज्यान गएमा जन्मकैद हुने व्यवस्था छ। यस्तो दुर्घटनामा ज्यान मार्ने मनसाय राखेको मान्दै यो सजाय तोकिएको छ। यस्तो मनसाय राखेको, तर कसैको मृत्यु भने नभएको अवस्थामा चालकलाई कसुरको मात्रा हेरी पाँचदेखि १२ वर्षसम्म कैद हुन सक्ने व्यवस्था छ। ऐनको दफा १६१ (२)मा 'कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदादेखिँदै पनि अपनाउनुपर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाएबाट' कुनै मान्छेको तत्कालै वा दुर्घटनाको २१ दिनभित्र ज्यान गएमा तीनदेखि १० वर्षसम्म कैद हुने उल्लेख छ। सोही दफाको उपदफा (३)ले भने कसैको ज्यान मर्न सक्ने अवस्था नदेखिएको अवस्थामा दुर्घटना भएमा एक वर्षसम्म कैद वा दुई हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ। चालक अनुमतिपत्र नभएमा थप दुई हजार जरिवाना हुन्छ। त्यस्तै, दफा १६१ (५) मा आफ्नो नाममा दर्ता रहेको सवारीसाधन लाइसेन्स नभएको व्यक्तिलाई चलाउन दिएमा दुई वर्षसम्म कैद हुने प्रावधान छ। **दफा ६७ मा छ, '...चालकको काबुबाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि-नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुनेछैन।' यही दफालाई टेकी कानुन व्यवसायीले चालकको दोषभन्दा पनि यान्त्रिक गडबडी देखाई सजाय कम गराउने गरेका छन्।**

दुर्घटनाको अनुसन्धानमा चरम लापरबाही

सवारी ज्यान मुद्दामा प्रहरीद्वारा मिलापत्र

नवराज मैनाली/नयाँ पत्रिका

एक वर्षअघि एकजनाको ज्यान जाने गरी भएको सवारी दुर्घटनामा प्रहरीले कानुनविपरीत मिलापत्र गराएको पाइएको छ। मोटरसाइकलचालकको मृत्यु भएको दुर्घटनामा प्रहरीले अपराध अनुसन्धानका आधारभूत मान्यतासमेत पालना नगरेको भेटिएको हो।

एक वर्षअघि ललितपुरमा भएको यो प्रकरणमा प्रहरीले हालै छानबिन गरिरहेको छ। प्रारम्भिक छानबिनमै अपराध अनुसन्धानमा चरम लापरबाही गर्ने प्रहरीमाथि जिल्ला प्रहरी परिसर ललितपुरले कारबाहीको सिफारिस गरेको छ। प्रहरीकै कमजोरी भेटिएपछि घटनाको नयाँ शिराबाट अनुसन्धान हुँदै छ।

२५ पुस ०७८ मा ललितपुरको महालक्ष्मी नगरपालिका- ४ स्थित नगरपालिका कार्यालयअगाडि भएको दुर्घटनामा मोटरसाइकलचालक राममोहन श्रेष्ठको मृत्यु भएको थियो। जुन घटनामा अदालतमा मुद्दा दर्ता गर्नुपर्नेमा प्रहरीले मिलापत्र गराएको थियो। यसमा संलग्न सातदोबाटो वृत्तका तत्कालीन डिएसपी दिनेश घिमिरेलगायत प्रहरीमाथि कारबाही प्रक्रिया अघि बढेको छ।

श्रेष्ठ आफैंले चलाएको बा.४३प ८६९६ नम्बरको मोटरसाइकल र सुरज तामाङले चलाएको प्रदेश २-३२ प ९७०७ नम्बरको मोटरसाइकल ठोक्किँदा श्रेष्ठ गम्भीर घाइते भए भने उनको मोटरसाइकलमा सवार गोविन्दलाल जोशी घाइते भए। दुर्घटनापछि सुरजलाई प्रहरीले पक्राउ गरेकोमा उनलाई एक रात थुनामा राखी भोलिपल्ट छाडिएको थियो।

उता ३ फागुनमा उपचारका क्रममा श्रेष्ठको मृत्यु भयो। सोही दिन सातदोबाटो प्रहरीले चालक तामाङलाई बोलाएर छलफल गरायो। जसमा मृतक श्रेष्ठको परिवारलाई नौ लाख रुपैयाँ सहयोग दिने र

» पृष्ठ २ मा क्रमशः

झन् नयाँ



ती दिन

● बेदुराम भुसाल

सुदखोरको तमसुक च्यात्दै हिँड्दा...

कुनै फटाहाले जाली तमसुक बनाएको थाहा पाए खोसेर तत्काल जलाइदिन्थ्यौं

साहित्यको निराशाजनक बजार



०७९

लेखक पुस्तक संख्या बढाउनेतिर, पाठक सामाजिक सञ्जालतिर

● मीनराज बसन्त

बैंकको जागिर छाडेर 'कृष्ण पाउरोटी' सम्हाल्दै नातिनीहरू



उद्यम

बुबा घनश्यामले उनीहरूलाई भनेका थिए- **तलब लिने होइन, दिने काम गर**

मलेसियामा करिब २० हजार गैरकानुनी नेपाली कामदार

तोकिएको कम्पनी छाडेर अन्य ठाउँमा काम गरेका कारण मलेसियाको नियमअनुसार १५ देखि २० हजार कामदार अवैध

नेपाली कामदारलाई आफूखुसी कम्पनी छाडेर नभाग्न मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले आग्रह गरेका छन्

(विस्तृत पृष्ठ ७)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ गहना खोज्ने जात्रा



शब्द/तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

किराँतकालबाटै चल्दै आएको गहनापोखरीमा गहना खोज्ने जात्रा शुक्रबार निकालिएको छ। जात्राका क्रममा खटमा टुँडालदेवी (जसलाई वैष्णवीदेवी पनि भनिन्छ) राखेर पोखरीभित्र डुबाउँदै तीनपटक परिक्रमा गराइन्छ। किंवदन्तीअनुसार आमा टुँडालदेवीलाई भेट्न जाँदा छोरी भाटभटेनीले एक परपुरुषसँग आफ्नी आमाको अनैतिक सम्बन्ध रहेको थाहा पाउँछिन्। त्यसपछि रिसाएर फर्केकी भाटभटेनीका गहनाहरू उक्त पोखरीमा हराउँछन्। सोही गहना खोज्ने परम्पराअन्तर्गत यो जात्रा निकाल्ने गरिएको बताइन्छ।

वैदेशिक रोजगार बोर्डका कर्मचारीकै मिलेमतोमा मृतकको बिमा रकममा ठगी

टेकराज थामी/नयाँ पत्रिका

वैदेशिक रोजगारबाट छुट्टीमा घर आएका श्रीमान्को अचानक निधनपछि धनुषाको धनुषाधाम नगरपालिका-९ की ४५ वर्षीया देवलादेवी यादव शोकमा थिइन्। एक अपरिचित युवा बिमाबापतको रकम झिक्न सहजीकरण गरिदिने भन्दै घरमै आइपुगे। प्रशासनिक ज्ञान नभएकी उनले युवाको प्रस्तावलाई सहजै स्वीकार गरिन्। जब तिनै युवाबाट बिमाबापत प्राप्त रकम ठगिएको भेउ पाइन्, उनी छाँगाबाट खसेझैं भइन्।

प्रहरीका अनुसार अपरिचित युवाको गिरोहले देवलादेवीलाई बिमाबापत प्राप्त १३ लाखमध्ये आठ लाख रुपैयाँ ठगी गरेको थियो। यसका लागि उनीहरूले देवलादेवीलाई काठमाडौंको मित्रनगरस्थित शुभशान्ति गेस्टहाउसमा झन्डै सात दिन बन्धक बनाएका थिए। रकम असुल गरेपछि मात्रै उनलाई युवाहरूले छाडेका थिए। त्यसपछि न्याय खोज्दै उनी प्रहरीसमक्ष पुगिन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोज केसीले देवलादेवीलाई गेस्टहाउसमा बन्धक बनाएर बिमाबापत प्राप्त रकम ठगी गरेको पाइएको बताए। उनले भने, 'देवलादेवीको श्रीमान् वैदेशिक रोजगारमा गएका रहेछन्। छुट्टीमा घर आएका वेला निधन भएपछि बिमाबापतको रकम झिक्न सहजीकरण गरिदिने भन्दै एउटा गिरोह उनको घर पुगेको अनुसन्धानबाट खुलेको छ। सो गिरोहले अनेक प्रलोभनमा पारेर देवलादेवीलाई काठमाडौं ल्याई गेस्टहाउसमा बन्धक बनाएर रकम झिकेछ। देवलादेवीलाई पाँच लाख दिएर उनीहरूले बाँकी आठ लाख लिएर फरार भएका रहेछन्।'

प्रहरीका अनुसार देवलादेवीका श्रीमान् ४८ वर्षीय उपेन्द्र यादव वैदेशिक रोजगारका क्रममा दुई वर्षदेखि साउदी अरबमा थिए। केही महिनाअघि छुट्टीमा घर आएका वेला उनको मृत्यु भएको खबर गिरोहका सदस्यले

» पृष्ठ २ मा क्रमशः

● वैदेशिक रोजगारीमा रहेका श्रीमान्को मृत्यु भएपछि शोकमा रहेकी धनुषाकी देवलादेवी यादवको घरमै पुगेर गिरोहका सदस्यले सहजीकरणको आश्वासन दिए, काठमाडौं पुऱ्याए र गेस्टहाउसमा बन्धक बनाई बिमाबापतको १३ लाख निकालेर आठ लाख ठगी गरे

यही गिरोहले अन्य मृतकको बिमा रकम पनि ठगेको खुलासा

ठगी गरिएका थप ३५ मृतकको कागजात हामीले फेला पारेका छौं

एसएसपी डा. मनोज केसी
प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय



यही गिरोहले वैदेशिक रोजगारमा रहेका वेला मृत्यु भएका अन्य नेपालीको नाममा पनि बिमाबापतको रकम झिकी ठगी गरेको पाइएको छ। त्यस्ता ३५ जनाको कागजात उनीहरूबाट हामीले बरामद गरेका छौं। उनीहरूलाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कर्मचारीले नै सघाउने गरेको पनि खुलेको छ।

अधिकार यात्रा गर्दै मधेसका हरवाचरवा

● दशनलाल मण्डल, अध्यक्ष, राष्ट्रिय हरवाचरवा अधिकार मञ्च



दास प्रथाबाट मुक्त हुन राजविराजदेखि थाल्ने अधिकार यात्रा हिँड्दै-हिँड्दै जनकपुरमा पुगेर समापन गर्नेछौं। नौ महिनाअघि प्रधानमन्त्रीले हरवाचरवालाई कागजमा मुक्ति त दिलाउनुभयो, तर हाम्रा दुःख, पीडा र स्थिति उस्तै छन्।

राजविराज (सप्तरी)मा
अनिल यादव/नयाँ पत्रिका

२ साउनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा बँधुवा श्रम प्रथाका रूपमा अझै पनि विद्यमान रहेको हरवाचरवा प्रथा मुक्ति भएको घोषणा गरे। तर, मुक्ति घोषणा भएको नौ महिनासम्म पनि कागजमै सीमित भएपछि उनीहरूले पुनर्स्थापना माग गर्दै शनिबारबाट मधेस प्रदेशमा पाँचदिने अधिकार यात्रा थाल्दै छन्।

शुक्रबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमार्फत राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले अधिकार यात्राको घोषणा गरेको हो। मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलका

» पृष्ठ २ मा क्रमशः



मधेसमा शनिबारदेखि सुरु हुने पाँचदिने अधिकार यात्राबारे जानकारी दिन शुक्रबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका महासचिव लादेन्द्र सदा।

यस्ता छन् माग

६ बुँदे मागसहित हरवाचरवा अधिकार यात्रामा उत्रिँदै छन्। पुनर्स्थापनाका लागि विस्तृत कार्ययोजना र कार्यविधि सम्बन्धित मन्त्रिपरिषद्बाट अविलम्ब पारित गरी आफ्नो जीविकाका लागि कम्तीमा १० कट्ठा जमिन प्रदान गरिनुपर्ने उनीहरूको प्रमुख माग छ। त्यसपछि उनीहरूले वैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारविहीनलाई तीन महिना, ६ महिना र सोभन्दा लामो दीर्घकालीन प्रकारको सीपको तालिम, एक लाखको बिउपुँजी र आवश्यक औजार प्रदान गरिनुपर्ने, नेपालमा हरवाचरवाभन्दा गरिब र भूमिहीन अरू कोही नभएकाले सडक, बिजुली, शुद्ध खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइजस्ता न्यूनतम भौतिक पूर्वाधारसहित एकीकृत प्याकेजको बहुआयामिक गरिबी निवारण कार्यक्रम हरवाचरवाको बस्तीमा अविलम्ब थालिनुपर्ने माग राखेका छन्।

■ हरवाचरवा को हुन् ?

हलो जोत्ने हरवा र वस्तुभाउ चराउने चरवाको समुच्च रूप हरवाचरवा हो। हरवाचरवाको हक-अधिकारका लागि लडिरहेका राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश विश्वकर्माका अनुसार मधेसमा सामान्यतया चार अवस्थामा श्रमिक परिवार हरवाचरवा प्रथाको सिकार हुन बाध्य छन्। 'पहिलो, जीवनको गुजारा ठप्पै रोकिने भएपछि गिरहत अथवा जग्गाधनीसँग उसको खेतमा हलो जोत्ने सर्तमा ऋण लिएपछि सोको ब्याज र साँवा तिर्नका लागि नमरुन्जेल हलो पनि जोत्दै जानुपर्ने र साँवा-ब्याज पनि बढ्दै जान दुष्चक्र चल्छ,' उनले भने, 'पाँच हजार ऋण ५० वर्ष हलो जोत्दा पनि तिर्दिँदैन, बरु ब्याजमाथि ब्याज जोडिएर छोरा-नातिका पालामा पुग्दा ऋण ५० हजारमा पुगिसकेको हुन्छ। दोस्रो, वासका निम्ति झुपडी गाड्ने जमिन नहुँदा गिरहत अथवा जग्गाधनीसँग झुपडी गाड्ने जमिन लिएबापत सधैंभरि जग्गाधनीकहाँ हरवाचरवा बस्न बाध्य छन्।'

तेस्रो, बेरोजगारी र गरिबीका कारण अत्यन्तै कम ज्यालामा गिरहत अथवा जग्गाधनीकोमा हरवाचरवा बस्नुपर्ने बाध्यता छ। चौथो, यसरी बाबुआमा हरवा प्रथाअन्तर्गत पूरै गिरहत अथवा जग्गाधनीको बन्धनमा बाँच्ने भएपछि तिनका बच्चा पनि स्वतः चरवाका रूपमा काम गर्न बाध्य छन्।

कर्नर किक

● रवि मिश्र



नेपाल-चीन परराष्ट्रसचिवस्तरीय बैठक

काठमाडौं/ नेपाल र चीनबीच परराष्ट्रसचिवस्तरीय द्विपक्षीय कूटनीतिक परामर्श संयन्त्रको १५औं बैठकमा राजनीतिक, आर्थिक, जनस्तरको सम्बन्धलगायत सबै क्षेत्रमा विस्तृतमा छलफल भएको छ। शुक्रबार बेइजिङस्थित चिनियाँ परराष्ट्र मन्त्रालयमा भएको बैठकमा नेपालमा उत्पादित वस्तुको निर्यात सहज बनाइदिन नेपालले चीनसँग आग्रह गरेको छ। चिनियाँ पक्षले नेपालको विकास तथा समृद्धिका लागि सक्दो सहयोग गर्ने आश्वासन दिएको छ।

बैठकपछि शुक्रबार साँझ नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा बिआरआईका विषयमा छलफल भए-नभएको उल्लेख छैन। तर, नेपालमा चिनियाँ अनुदानका परियोजनाको समयबद्ध कार्यान्वयन गर्न दुवै पक्ष सहमत भएको उल्लेख छ। बिआरआई उल्लेख नभए पनि चिनियाँ राष्ट्रपति सी जिनपिङले अघि सारेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (वैश्विक विकासका लागि प्रयास, जिडिआई) बारे छलफल भएको छ।

दिवाभोजसहित करिब पाँच घन्टा चलेको बैठकमा दुई देशबीच आर्थिक साझेदारी, व्यापार प्रवर्द्धन, लगानी र पर्यटन, कनेक्टिभिटी निर्माण, कृषि, शिक्षा, सांस्कृतिक तथा जनस्तरको सम्बन्धबारे छलफल भएको चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले जानकारी दिए।

अधिकार यात्रा...

पृष्ठ १ बाट क्रमशः

अनुसार वीरगन्ज र राजविराजबाट एकसाथ सुरु हुने अधिकार यात्रामा करिब आठ हजार हरवाचरवाको सहभागिता हुनेछ। राजविराजदेखि शम्भुनाथ, कदमाह चोक, लहान, बस्तीपुर, सकुवानानकरकट्टी, गोलबजार, बरियारपट्टी, औरही, सिराहा, गणेशमान चारनाथ, सहिदनगर हुँदै यात्रा २८ चैतमा जनकपुर पुगेर टुंगिनेछ। त्यस्तै, वीरगन्जबाट हिँड्ने टोली पनि बहुदरमाई, जितपुर, कलैया, करैयामाई, कोल्भी, बलचनपुर, गरुडा, गौर, मंलगवा, ब्रह्मपुरी, जलेवर हुँदै अन्तिम दिन जनकपुर नै आइपुग्नेछ।

वैदेशिक...

पृष्ठ १ बाट क्रमशः

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका सुब्बा पशुपति अधिकारीबाट प्राप्त गरेका थिए। मृतक यादवको घरको ठेगाना पनि उनीहरूले अधिकारीबाट प्राप्त गरेका थिए। सोही सूचनाका आधारमा गिरोहका सदस्य देवलादेवीको घरमा पुगेका थिए। विविध प्रलोभनपछि उनीहरूले देवलादेवीलाई काठमाडौं ल्याएका थिए। र, गेस्टहाउसमा बन्धक बनाएर राखेका थिए। बिमाबापतको रकम भिक्न आवश्यक कागजात उनीहरूले देवलादेवीबाटै लिएका थिए। कतिपय कागजात उनीहरू आफैंले तयार गरेका थिए। सोही कागजातका आधारमा उनीहरूले बिमाबापतको १३ लाख रुपैयाँ भिकेका थिए।

प्रहरीका अनुसार घटनामा काभ्रे रोसी गापा- १२ का ४१ वर्षीय रामबहादुर तामाङ, सर्लाही लालबन्दी नपा- ८ का ३४ वर्षीय विनोदकुमार लामा, ४० वर्षीय डिकबहादुर मल्ल, ३५ वर्षीय रविन भन्ने रवीन्द्र मोक्तान, ३५ वर्षीय प्रकाशबहादुर गोले र सलार्ही हरिवन नपा- २ का ३९ वर्षीय मान गोले संलग्न छन्। मृतकको नामबाट बिमाबापतको रकम भिक्न तयार ३५ जनाको कागजात प्रहरीले उनीहरूबाट बरामद गरेको छ। जसमध्ये थप दुईजनाको जाहेरी प्रहरीमा परिसकेको छ।

सवारी ज्यान...

पृष्ठ १ बाट क्रमशः

घाइते जोशीको उपचार खर्च व्यहोर्ने सहमति गरियो। सोही आधारमा चालक तामाङलाई छाडिएको थियो। जब कि सवारी दुर्घटनामा कसैको मृत्यु भएको अवस्थामा अनिवार्य मुद्दा चलाउनुपर्ने कानुनी प्रावधान छ।

वृत्तका मुद्दा शाखाका इन्स्पेक्टर श्यामकुमार कटवालले मिलापत्रमा हस्ताक्षर गराउन प्रहरी जवान पञ्चु रुम्बालाई निर्देशन दिएका थिए। सोहीअनुसार मिलापत्र गरेर घटनालाई डिसमिस गरियो। मृतक पक्षलाई तत्काल पाँच लाख तथा चार लाख पछि दिने सहमति भएको थियो। उता, श्रेष्ठको मृत्यु भएको १६ दिनपछि अर्को मोटरसाइकलका चालक तामाङको पनि बिरामी भएर उपचारको क्रममा मृत्यु भयो।

घटनाको करिब एक वर्ष बित्दा पनि मृतक र घाइतेका परिवारले चार लाखभन्दा थप क्षतिपूर्ति पाएनन्। मृतककी छोरी रेजिना श्रेष्ठ तथा दुर्घटनामा घाइते भएका गोविन्दलाल जोशीकी श्रीमती गत ५ माघमा जिल्ला प्रहरी परिसर ललितपुरमा क्षतिपूर्ति नपाएको भन्दै उजुरी लिएर पुगेका थिए। प्रारम्भिक रूपमा बुझ्दा सवारी ज्यानको घटनामा मुद्दा नचलाई मिलापत्र भएको सुनेपछि प्रहरी अधिकारी नै अचाम्मत भएका थिए। थप बुझ्दा वास्तविकता त्यही हुन्छ।

त्यसपछि सुरु हुन्छ छानबिन। परिसरले डिएसपी भुवनेश्वर साहको नेतृत्वमा छानबिन समिति बनाउँछ।

जुन समितिले हालै परिसरका एसएसपी सिद्धिविक्रम शाहलाई प्रहरीको चरम लापरबाही भएको भन्दै कारबाहीका लागि सिफारिस गरेको छ। सातदोबाटो वृत्तका तत्कालीन डिएसपी घिमिरे, इन्स्पेक्टरद्वय श्यामकुमार कटवाल, हरिबहादुर वली, इमाडोल प्रभागका तत्कालीन इन्स्पेक्टर योगेश खरेल र अरुण भट्टराई तथा घटनास्थलको मुचुल्का तयार पार्ने उद्धव महत र मिलापत्रमा हस्ताक्षर गराउने जवान पञ्चु रुम्बामाथि कारबाही सिफारिस भएको छ।

छानबिनमा प्रहरीको लापरबाही देखिएपछि सो घटनाको विषयमा थप अनुसन्धान अघि बढाइएको परिसरका प्रवक्ता एसपी प्रवीण पोखरेल बताउँछन्। 'सवारी ज्यान घटनामा मिलापत्र गराउन मिल्ने देखिएन,' उनी भन्छन्, 'प्रहरीको कमजोरी देखिएपछि यसमा फेरि अनुसन्धान हुन लागेको हो।'

त्यतिबेला वृत्तप्रमुख रहेका डिएसपी घिमिरेको प्रत्यक्ष मिलेमतो देखिएको छैन, तर चरम लापरबाही भएको देखिएको छ। कतिसम्म भने आफ्नो कार्यक्षेत्रमा दुर्घटनामा मृत्यु भएको घटनाबारे आफूलाई कुनै जानकारी नै नभएको उनले छानबिन समितिसमक्ष बताएका छन्। दुर्घटना र मिलापत्र दुवैबारे आफू अनभिज्ञ रहेको उनको दाबी छ।

मिलापत्र गराउनेमा वृत्तका तत्कालीन इन्स्पेक्टरद्वय कटवाल र वलीको प्रत्यक्ष संलग्नता देखिएको छ। सवारी ज्यान मुद्दामा उनीहरूले जानीजानी मिलापत्र गराएर अभियोजन प्रक्रिया रोकेका थिए। घटनाको वेला इमाडोल प्रभागको प्रमुखमा इन्स्पेक्टर योगेश खरेल कार्यरत थिए।

गम्भीर सवारी...

पृष्ठ १ बाट क्रमशः

०७७ मा भएको फैसलामा अदालतले 'सवारीमा आएको यान्त्रिक गडबडीका कारण भएको दुर्घटना'को रूपमा व्याख्या गरेको छ। यसअनुसार पनि अधिकतम एक वर्ष सजाय हुन सक्नेमा ६ महिना मात्रै सुनाइएको छ। उक्त फैसलाविरुद्धको मुद्दा हाल पाटन उच्च अदालतलमा विचाराधीन छ। यस मुद्दामा फैसला गर्ने न्यायाधीश अधिकारीमाथि न्यायपरिषद्मा उजुरी पर्‍यो र जाँचबुझ पनि सुरु भयो। परिषद् अध्यक्ष (प्रधानन्यायाधीश)ले अधिकारीलाई काजमा सर्वोच्च ताने। यद्यपि, छानबिन टुंगिन नपाउँदै २२ कात्तिकबाट उनी सेवानिवृत्त भइसकेका छन्।

०००

उच्च अदालत विराटनगरबाट पनि यस्तै न्यूनतम सजायसहितको फैसला भएको छ। २१ वर्षीय रविनसिंह कार्की प्रतिवादी रहेको सवारी ज्यानको उक्त मुद्दामा न्यायाधीशद्वय कृष्णकमल अधिकारी र जगतनारायण प्रधानले २० पुस ०७८ मा जिल्ला अदालत मोरङबाट भएको फैसला नै उल्ट्याइदिए। विराटनगर विमानस्थलनजिक २० जेठ ०७८ को साँझ ७:३० बजे एकको घटनास्थलमै मृत्यु भएको थियो भने एक घाइते भएका थिए। दुवै नेपालमा मजदुरी गर्ने भारतीय नागरिक थिए।

'मादक पदार्थ सेवन गरी जानाजान दुर्घटना गराएको' भन्दै यस दुर्घटनामा जिल्ला अदालतले १५ कात्तिक ०७६ मा कार्कीलाई तीन वर्ष कैद र ३० हजार रुपैयाँ जरिवानाको सजाय गरेको थियो। प्रहरीले दुर्घटनाअघि चालक कार्कीसहितका व्यक्तिले बियर खाएको प्रमाण जुटाएको थियो। कार्कीले अदालतमा बयान दिने क्रममा 'ड्राइभरपट्टिको सिटको टायर पञ्चर भई गाडी अनियन्त्रित भएको' बयान दिएका थिए। यद्यपि, यान्त्रिक परीक्षणले भने दुर्घटना गराउने कार र त्यसको ब्रेक तथा एक्सेलेरेटर पनि ठीक रहेको देखाएको थियो। कार्कीले लापरबाहीपूर्वक कार चलाई दुर्घटना गराएको भन्दै सरकारी वकिलले उनलाई कम्तीमा तीनदेखि १० वर्षसम्म कैदको माग गरेका थिए। तर, कार्कीलाई न्यूनतम सजाय मात्रै भयो। यसको कारणबारे फैसलामा छ, '...यी प्रतिवादीको विगतको आचरण र क्रियाकलाप नकारात्मक रहेको भन्ने नदेखिएको, २४ वर्षको नवयुवक र सामाजिक अभियन्ता भएकोसमेत आधारमा यी प्रतिवादीलाई कानुनले निर्धारण गरेको न्यूनतम सजाय गर्दासमेत सजायको उद्देश्य पूरा हुने देखिएको।'

तर, यो न्यूनतम सजायलाई समेत उल्ट्याउँदै उच्च अदालतले सजाय अझै घटाएर ६ महिना १५ दिन मात्रै कैद तथा दुई हजार जरिवाना तोकिदियो। यसपछि गत २ साउनमा महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा मुद्दा पुनरावेदन नगर्ने निर्णय गरेको थियो। दुर्घटना गराएको तीन दिनपछि कार्कीले प्रहरीसामु आत्मसमर्पण गरेका थिए र उनको स्वास्थ्य परीक्षण गराइएको थियो।

०००

यसरी सवारी ज्यानका मुद्दामा एकातिर प्रतिवादीप्रति अदालत उदार देखिन्छ भने अर्कोतिर प्रमाण संकलनमा पनि कठिनाइ देखिने गरेको छ। दुर्घटनास्थलबाट तुरुन्तै चालक पक्राउ नपर्दा प्रमाण संकलनमा कठिनाइ हुने गरेको प्रहरीको भनाइ छ। प्रहरी प्रवक्ता पोषराज पोखरेल चालक दुर्घटनास्थलमै रहेको अवस्थामा पक्राउ पुर्जी थमाई नियन्त्रणमा लिइने तथा स्वास्थ्य परीक्षणका लागि पठाइने भए पनि गल्ती रहेको अवस्थामा भने चालक भाग्ने गरेको बताउँछन्। 'कतिपय अवस्थामा चालकहरू भाग्छन्। त्यो भनेको स्थानीयले कुटपिट गर्लान्, आक्रमण होला भन्ने डर हो। लाइसेन्स छैन र मापसे गरेको छ भन्ने पनि भाग्छन्,' उनले भने, 'दुर्घटना गराउने गाडीको नम्बर भएपछि चालक पत्ता लागिहाल्छ। सवारीचालक दुर्घटनास्थलमै पक्राउ पर्‍यो भने त ठीकै हो, नत्र प्रत्यक्षदर्शी, गाडीमा सँगै रहेका व्यक्ति, उसको आनी-बानी, दुर्घटनाअघिको उसको क्रियाकलापबाट मापसे गरेको थियो वा थिएन भन्ने पुष्टि गर्ने हो।' यसरी जुटाएको प्रमाणले लापरबाही वा अचानक दुर्घटना भएको हो भन्ने स्पष्ट हुने उनी बताउँछन्।

०००

चितवनमा ९ फागुन ०७७ मा राति नै दुर्घटनामा परी मृत्यु भएको अनुमान गर्न सकिने अवस्थामा कुलबहादुर मोक्तानको शव भेटियो। १७ फागुनमा प्रहरीले दुर्घटना गराउने ट्रक र चालकलाई नियन्त्रणमा लियो। त्यसपछि यान्त्रिक जाँचमा केही त्रुटि देखिएन भने गाडीमा कतै रगत वा दुर्घटनाका अंश भेटिएनन्। चालकको स्वास्थ्य परीक्षणमा पनि मापसे गरे-नगरेको खुलेन। यद्यपि, मृतक मोक्तान उक्त रात मापसे गरी सडकमा हिँडिरहेको बयान प्रत्यक्षदर्शीले दिएका आधारमा सरकारी वकिलले सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(३) बमोजिम अचानक भएको दुर्घटना मानेर मुद्दा चलायो। चितवन जिल्ला अदालतले ६ महिना कैद र एक हजार जरिवाना सुनायो।

कानुनी छिद्र खोजेर चालकलाई न्यूनतम सजाय दिनेतर्फ न्यायाधीशहरू लागेको फैसलाले देखाउँछ। आवश्यक प्रमाण परीक्षणमा लापरबाही गर्ने कारणले पनि उनीहरूलाई कम सजाय हुने गरेको देखिन्छ।

०००

महान्यायाधिवक्ताको कार्यालयले ०७२ मा तयार गरेको सवारी ज्यानसम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदनले थुप्रै अवस्थामा अभियोगपत्रमा नै सरकारी वकिलले अपर्याप्त तथ्य उल्लेख गर्ने गरेको निष्कर्ष दिएको छ। सजायको मागदाबी लिँदा लापरबाहीको आधार र सीमा निर्धारण गर्ने तथ्यको विश्लेषण निकै कम पाइएको अध्ययनले देखाएको थियो।

उक्त प्रतिवेदनमा छ, '...सवारी ज्यान मुद्दामा दुर्घटना हुँदाको अवस्था, सवारीचालकको दक्षता, सवारीसाधनको स्थिति र सवारी चलाइरहेको सडकको अवस्था र सवारीमा यात्रुको चाप वा संख्यासमेतको आधारमा सजाय निर्धारण हुनुपर्नेमा कानुनमा व्यक्त प्राविधिक र भाषिक सीमाभित्र तथ्यलाई विश्लेषण गर्ने गरेको पाइन्छ। माग दाबीबमोजिम सजाय गरिएका मुद्दामा पनि कानुनले व्यवस्था गरेको तजबिजी सजाय गर्दा सोको आधार र कारण स्पष्ट रूपमा खुलाइएको पाइएन।'

कागजी प्रमाण परीक्षणमै अदालतको लापरबाही

अदालतले सवारी ज्यानका मुद्दामा प्रमाण परीक्षणमै लापरबाही गर्ने गरेका उदाहरण पनि छन्। जसका कारण अभियुक्तहरूलाई निकै न्यून सजाय हुने गरेको छ। अधिकांश सवारी ज्यानका मुद्दामा मापसे गरी सवारी चलाए-नचलाएकोबारे बहस केन्द्रित रहे पनि लाइसेन्सको आधिकारिकता परीक्षणमा भने बेवास्ता हुने गरेको देखिन्छ। मल्ल र कार्की प्रतिवादी रहेको दुवै घटना पनि कागजी प्रमाण परीक्षणमा अदालतको बेवास्ताका उदाहरण हुन्।

बुढानीलकण्ठ दुर्घटनाका प्रतिवादी पृथ्वी मल्लका कानुन व्यवसायीले अदालतमा कारचालकको अन्तर्राष्ट्रिय लाइसेन्स भन्दै जुन कागजात पेस गरे त्यसको आधिकारिकता पुष्टिका लागि अदालतले यातायात व्यवस्था विभागमा पत्राचार गर्‍यो। विभागले मल्लका नाममा दुईपांग्रे चलाउने अनुमतिपत्र मात्र जारी भएको जनायो। मल्लले सन् २०१९ मा अमेरिकाको फ्लोरिडाबाट निकालेको भनिएको इन्टरनेसनल ड्राइभिङ लाइसेन्स पेस गरे पनि जुन निकायबाट निकालिएको हो त्यहाँ आधिकारिकता पुष्टिका लागि पत्राचार गरिएन। नेपालस्थित अमेरिकी दूतावास वा जारी गर्ने निकायलाई पत्राचार गरिएन। अदालतले सोही लाइसेन्सलाई नै वैध मान्दै फैसला गर्‍यो।

विराटनगरमा भएको दुर्घटनाका प्रतिवादी रविनसिंह कार्कीको हकमा पनि थुनामा रहेको वेला उनको नाममा लाइसेन्स निकालिएको भेटिएको थियो। उनले २२ कात्तिक ०७५ मा काठमाडौंबाट हलुका चारपांग्रे सवारीका लागि अनुमतिपत्र लिएको दाबी गरेकोमा अदालतमा पेस गरिएको लाइसेन्स जारी भए पनि ट्रायल दिने व्यक्ति अर्कै भएको खुलेको थियो। तर, उच्च अदालतले लाइसेन्स त हेरेन नै, मापसे पनि नगरेको भनी तीन वर्षको कैद सजाय ६ महिना १५ दिनमा झारिदिएको थियो।

यद्यपि, सर्वोच्चको नजिरले भने अनुसन्धानको कमजोरी देखाउँदै सजाय कम गर्न नमिल्ने बताउँछ। कृष्णबहादुर कुँवरसमेतविरुद्ध नेपाल सरकारको मुद्दामा सर्वोच्चले गरेको फैसलामा भनिएको छ, 'अनुसन्धानको हरेक कमी-कमजोरीको प्रतिवादीले फाइदा पाउन थालेमा समाजमा दण्डहीनताले प्रश्रय पाउने, पीडित र समाजले न्यायको अनुभूति गर्न नसक्ने र न्याय पराजित हुने अवस्था आउँछ। यस सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ५४ ले कुनै प्रमाण बुझिएको वा नबुझिएको कारणबाट मात्र कुनै फैसला वा आदेश बदर हुनेछैन। तर, त्यसबाट निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ भनी गरेका व्यवस्थालाई न्यायमूर्तिले विचार गर्नैपर्नेछ।'

महान्यायाधिवक्ताको कार्यालयले ०७२ मा तयार गरेको सवारी ज्यानसम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदनअनुसार दुर्घटनापछि गरिने सवारी चेकजाँच औपचारिक मात्र हुने गरेको उल्लेख छ। उक्त प्रतिवेदनको सुझाव खण्डमा भनिएको छ, '...दुर्घटना भइसकेपछि घटनास्थलमा तत्काल प्रहरी पुगेको अवस्थामा पनि घटना के-कसरी घट्न गएको हो भनी सवारीभित्र र बाहिर रहेका यात्रु वा व्यक्तिहरूबाट तथ्य लिन सकेको पाइँदैन। यसले गर्दा सवारी कति गतिमा चलाइएको थियो, चालकले मादक पदार्थ सेवन गरेको थियो कि थिएन, गाडीको अवस्था कस्तो थियो आदि विषयको वास्तविक तथ्य उजागर हुन पाउँदैन। यसबाट सवारीचालकको लापरबाही थियो-थिएन भन्ने पुष्टि सही तरिकाले हुन सक्ने स्थिति हुँदैन। त्यसैले अनुसन्धान गर्ने निकायले घटनास्थलमा नै तुरुन्त ती विवरण अनिवार्य रूपमा संकलन गरी कागज गराउनु जरुरी पर्दछ।'

नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडको

विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२५ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७९/१२/२४ मा बसेको ३१०औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

विशेष साधारण सभा बस्ने :

मिति : २०८०/०१/१० गते आईतवार (तदनुसार अप्रिल २३, २०२३)
समय : बिहान ११ : ०० बजे।
स्थान : विराटनगर महानगरपालिका वडा नं. २, उद्योग संगठन मोरङको सभाहल, मोरङ।

छलफलका विषयहरु :

(क) विशेष प्रस्तावहरु :

१. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पश्चात बन्ने संस्थाको नाम "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा "Nerude Mirmire Laghubitta Bittiya Sanstha Limited" कायम गरि सो नामबाट कारोबार गर्ने साथै कम्पनीको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १३ मा र कर्पोरेट कार्यालय काठमाडौं उपत्यका भित्र काठमाडौं र ललितपुर महानगरपालिका बाहिर रहने प्रस्ताव पारित गर्ने सम्बन्धमा।
३. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि मुल्याङ्कनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ स्वीकृत गर्ने सम्बन्धमा।
४. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि भएको मर्जर सम्बन्धी समझदारी पत्र (MOU), संयुक्त मर्जर सर्मिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) गर्न संयुक्त मर्जर सर्मितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
५. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पछिको "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" को अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक सर्मितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा।
६. नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गरिएको अन्तिम सम्झौता पत्र स्वीकृत गर्ने, मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पुरा गरि मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडसंग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने तथा मर्जर सम्बन्धमा गठित संयुक्त मर्जर सर्मिति र संचालक सर्मितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चहरुका साथै अन्तिम सम्झौतापत्र लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने सम्बन्धमा।
७. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पछि सो सम्बन्धी सम्झौतापत्र अनुसार कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।
८. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौता बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र विशेष साधारण सभाबाट पारित प्रस्तावहरु तथा सभाको अन्य निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धमा नियमनकारी निकायमा निवेदन दिने लगायत गाभ्ने गाभिने कार्यसंग सम्बन्धित प्रचलित कानून, नीति नियम, निर्देशिकाहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गर्ने सिलसिलामा नेपाल राष्ट्र बैंक वा अन्य नियामक निकायबाट कुनै विषयमा थपघट, फेरबदल वा संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

(ख) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

द्रष्टव्य :

यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०१/०३ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०१/०२ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लिमिटेड टेकु, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ।

विशेष साधारणसभा सम्बन्धी थप संक्षिप्त जानकारी :

(क) विशेष साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राहि नम्बर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नुपर्नेछ।

(ख) सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले कम्पनीले तोकेको ढाँचामा निवेदन दिई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्ति निवेदन यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराइने छ। साथै वित्तीय संस्थाको वेबसाइट www.nerude.org.np बाट पनि डाउनलोड गर्न सकिने छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८०/०१/०८ गते बिहान ११:०० बजे (अर्थात सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै) यस संस्थाको केन्द्रीय कार्यालय विराटनगरमा दर्ता गराई सक्नुपर्नेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहनुहुने शेयरधनी महानुभावहरुले साधारणसभा शुरु हुनुभन्दा अगाडि लिखित निवेदन दिई प्रतिनिधिको नियुक्ति बदर गर्न सक्नुहुनेछ। तर एक जना शेयरधनीले एक जनाभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै नियुक्ति बदर हुनेछ।

(ग) विशेष साधारण सभामा शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि सभा बिसर्जन नहुन्जेलसम्म खुल्ला रहनेछ।

(घ) नाबालक तथा विशेष शारिरिक अवस्था भएका शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

(ङ) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

(च) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ३ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

(छ) अन्य विस्तृत जानकारीका लागी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

(ज) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(झ) सम्पर्कका लागि फोन नं.-०२१-४६३०३२/४६२१०१ (कार्यालय समय भित्र), ९८५११२२४०५, ९८४२२४२४९० (कार्यालय समय बाहेक)।

(ञ) e-mail: info @nerude.org.np

(ट) Website: www.nerude.org.np

नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड
NERUDE LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्रबैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बिराटनगर-३, मोरङ्ग, बलराम-भूपी मार्ग
फोन नं. : ०२१४६२१०१/४६३०३२
Website : www.nerude.org.np, E-mail : nerude@wlink.com.np

मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको

विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२५ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्था संचालक समितिको मिति २०७९ साल चैत्र १६ गते केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा बसेको २५८औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० वैशाख १० गते, आईतवार (तदनुसार अप्रिल २३, २०२३)
समय : दिनको १२ : ३० बजे
स्थान : होटल सारथी, धुलिखेल नगरपालिका–८, काभ्रेपलाञ्चोक

छलफलका विषयहरु :

(क) विशेष प्रस्तावहरु :

१. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात बन्ने संस्थाको नाम "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा (Nerude Mirmire Laghubitta Bittiya Sanstha Limited) कायम गरी सो नामबाट कारोबार गर्ने साथै कम्पनीको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १३ मा रहने तथा कर्पोरेट कार्यालय काठमाडौं र ललितपुर महानगरपालिका वाहेक काठमाडौं उपत्यका भित्र रहने प्रस्ताव पारित गर्ने।
३. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको १:१ शेयर स्वाप अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने।
४. यस मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मूल्याङ्कनकर्तावाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) तयार गर्न नियुक्त गरिएका लेखापरीक्षक/मूल्याङ्कनकर्ता एस.एस.एम एसोसिएट्स (चार्टर्ड एकाउन्टेन्स्) को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने।
५. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए (मर्जर) पछिको नेरु

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क

झ.नयाँ

शनिबार २५ चैत ०७९

nayapatrikaofficial @naya_patrika


सुदखोरको तमसुक च्यात्दै हिँड्दा...



डा. बेदुराम भुसाल

ती दिन

अहिले मिटरब्याजीहरूको बिगबिगी भएजस्तै पञ्चायतकालमा सुदखोरहरूको रजगज थियो । त्यसवेला अहिलेका कृषिमन्त्री डा. बेदुराम भुसालले सुदखोरविरुद्ध आन्दोलन गरेर आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए । उनी सुदखोरको घरमा जाली तमसुक च्यात्न गुरिल्ला शैलीमा हमला गर्न जाँदा पक्राउ परे र साढे १२ वर्ष कठोर जेलजीवन भोग्न बाध्य भए । त्यसवेलाको सुदखोरविरुद्धको आन्दोलन र राजनीतिक जीवनयात्राबारे उनीसँग प्रेम गौतमले कुराकानी गरेका छन् :



कुनै फटाहाले जाली तमसुक बनाएको थाहा पाए खोसेर तत्काल जलाइदिन्थ्यौं

मिटरब्याजीले जस्तै त्यतिवेलाका सुदखोरले सुरुमा एउटा कागज बनाउने र त्यसमा शून्य थप्दै जाने गर्थे । जस्तै- कसैले ५० रुपैयाँ लिएको छ भने शून्य थप्दै पाँच सय, पाँच हजार, पाँच लाख पुऱ्याउँदै जान्थे । त्यसरी किसानलाई सधैँभरि ऋणमा बाँध्थे र अनेक दुःख दिने काम गर्थे । उनीहरूको खेतबारीमा विनाज्यालामा काम गर्नुपर्थ्यो ।

अर्घाखाँचीको तत्कालीन धनचौर गाविसमा निम्नमध्यम किसान परिवारमा जन्मिएँ । मेरो बुबा साक्षर मात्रै हुनुहुन्थ्यो । बुबामा छोराहरूलाई पढाउनुपर्छ भन्ने भावना थियो । तर, पढ्ने स्कुल थिएन । बुबासहित गाउँका केही मानिस मिलेर बालबच्चालाई पढाउनुपर्छ भनेर पैसा, चामल उठाएर दिने गरी एकजना शिक्षक राख्नुभएको थियो । काठको फल्याकमा कालो पोतेर कालोपाटी बनाइयो र त्यसैमा खरीढुंगाले लेखेर लेखपढ गरियो । मैले माटोको धुलोमा हातको औँलाले कखरा लेख्न सिकेको हुँ ।

केही वर्षपछि पल्लो गाउँमा प्राथमिक स्कुल स्थापना भयो । त्यहाँ पाँचसम्म पढाइ हुन्थ्यो । दाइ पीताम्बर र मैले त्यही स्कुलमा कक्षा पाँचसम्म पढ्यौं । त्यसपछि फेरि पढाइ रोकियो । त्यही वेला एकजना ठुलीआमाको छोरी हाम्रो घरमा आउनुभयो । उहाँले 'एउटा भाइलाई म पढाउँछु' भन्नुभयो । दाइ पढ्न जानुभयो, म जान पाइनँ । मैले बुबालाई भनेँ, 'म पनि पढ्न जान पाए हुन्थ्यो ।' बुबाको जवाफ आयो, 'दाइले सकेर आउँछ अनि तँ जालास् ।'

०२७ सालमा दाइ एसएलसी दिएर घर फर्किनुभयो । अर्घाखाँचीको सन्धिखर्कमा पढ्दै गर्दा दाइ कम्युनिस्ट पार्टीको सम्पर्कमा पुग्नुभएछ । सन्धिखर्क पछि मात्रै जिल्ला सदरमुकाम भएको हो । त्यतिवेला गाउँमा पढेलेखेका मानिस हुँदैनथे । दाइ फर्केपछि गाउँमा मिडिल स्कुल खोल्ने कुरा भयो । एसएसलीको रिजल्ट आउनुभन्दा पहिले नै उहाँले पढाउन थाल्नुभयो । मैले म पनि पढ्न सन्धिखर्क जानुपऱ्यो भन्ने कुरा राखेँ । तर, दाइले यहीं मिडिल स्कुल खोल्ने अनि पढ्ने भन्नुभयो । स्कुल खोल्ने अभियानको म पनि सदस्य थिएँ । त्यो अभियान नै वामपन्थी राजनीतिमा लाग्ने मेरो प्रस्थान बिन्दु बन्न पुग्यो । स्कुलमा भर्ना हुँदा पार्टीमा पनि भर्ना भइयो ।

> १५ जनाको 'गुरिल्ला स्क्वाड' बनायौं । कपिलवस्तुसँग जोडिएको गाविस सिद्धारामा रहेको घर मनी एक्सनका लागि छनोट भएको रहेछ । रातभरि हिँडियो । अर्को दिन दिउँसो जंगलमा बसियो । पालैपालो सुत्यौं र जागा बस्यौं । त्यसपछि साँझ सामन्तको घरमा हमला गरियो । त्यहीं पुगेपछि मात्र मलाई थाहा भयो- त्यो त मेरो आफन्तको घर पो रहेछ ।

भूमिगत नेता देवराज भारले 'पढ्ने मात्र होइन, अरू पनि काम गर्नुपर्छ' भन्नुभयो । 'के काम ?' मैले जिज्ञासा राखेँ । उहाँले भन्नुभयो, 'गाउँका फटाहालाई ठिक गर्नुपर्छ । त्यसमा भाइ पनि लाग्नुपर्छ ।' गाउँमा सामन्त सुदखोरहरूको बिगबिगी थियो । उनीहरूले गाउँलेलाई धेरै दुःख दिएका थिए । गरिब किसानलाई जिउ र खुट्टा मिच्न लगाउँथे । न्याय दिने नाममा दमन गर्ने, पैसा माग्ने गर्थे । गाउँलेका खसीबाख्रा उठाएर लान्थे । यस्तो देख्दा साह्रै दुःख लाग्थ्यो । भारको कुरा सुनेपछि सामन्तहरूले गाउँलेलाई दुःख दिएको सम्झेँ । अनि सोधेँ, 'कसरी लाग्ने ?' उहाँले भन्नुभयो, 'फटाहा मास्ने एउटा पार्टी छ, त्यसमा लाग्नुपर्छ ।'

विद्यार्थीलाई सचेत बनाउन क्रान्तिकारी विद्यार्थी कमिटी बनायौं । स्कुललाई जसले चन्दा दिँदैन, त्यसलाई कालोमोसो दल्ने, जसले स्कुल खोल्ने कामको विरोध गर्छ, त्यसको विरुद्धमा लाग्ने निष्कर्षमा पुग्यौं । त्यहीबीचमा स्कुलका प्रधानाध्यापक भएर नेत्र पन्थी आउनुभयो । उहाँ त्यतिवेला जिल्ला कमिटी सचिव हुनुहुँदो रहेछ । गाउँमा स्कुल खोल्ने, दिउँसो कार्यकर्तालाई स्कुलमा पढाउने, बिहान-बेलुका जनतालाई संगठित गर्ने नेपाल कम्युनिस्ट पार्टीको अभियान नै थियो । नेत्र पन्थी प्रायः हाम्रै घरमा बस्नुहुन्थ्यो । उहाँले माओका सहित अन्य पनि धेरै किताब ल्याउनुहुन्थ्यो । किताब पढ्ने र त्यसको व्याख्या गर्ने गर्नुहुन्थ्यो । हरेक वर्षको पुस १ गते पञ्चायती सामन्ती व्यवस्थाको विरोधमा पर्चा निकालिन्थ्यो । हामी राति घर-घरमा गएर पर्चा टाँस्थ्यौं ।

०२९ सालमा किसानहरूको लुम्बिनी अञ्चलस्तरीय सम्मेलन भयो । सम्मेलनमा म प्रतिनिधि नभए पनि पार्टीले केही कामको जिम्मा दिएको थियो । त्यही वेलामा मलाई पार्टी सदस्यका निम्ति आवेदन दिन लगाइयो । त्यही वर्ष अर्घारजस्थलस्थित प्रसिद्ध मन्दिरबाट मूर्ति चोरी भएछ । चीनको सांस्कृतिक क्रान्तिवालाले मन्दिरहरू तोड्ने गर्थे, नक्सलवादी आन्दोलन पनि त्यस्तै थियो । त्यही प्रभावमा परेका केही साथीहरूले त्यो काम गरेछन् । त्यसपछि ठूलो धरपकड भयो, मुद्दा चलाइयो । पुरुषोत्तम आचार्य हाइस्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो । प्रशासनले उहाँलाई चोरी मुद्दा लगायो । त्यसपछि जिल्लाभरिबाट किसान र विद्यार्थीलाई सदरमुकाममा जम्मा गरेर आचार्यको पक्षमा प्रदर्शन गर्‍यौं ।

०३० कात्तिक २६ मा अञ्चलका सबै जिल्ला सदरमुकाममा किसानहरूको ऱ्याली गर्ने (सदरमुकाम घेराउ आन्दोलन) भनेर अञ्चल पार्टीको निर्देशन आयो । त्यतिवेला पनि पार्टीको धेरै राम्रो संगठन थियो । त्यो जुलुस मेरो जिन्दगीको पहिलो जुलुस थियो । त्यतिवेला अर्घाखाँचीजस्तो सानो ठाउँमा पाँच हजारको जुलुस निस्किएको थियो । जीवराज आश्रितले भाषण गरेर सुरु भएको जुलुस सदरमुकाममा पुगेर ठूलो सभामा परिणत भएको थियो । त्यसले ठूलो उत्साह पैदा गऱ्यो । त्यसपछि गुरिल्ला युद्ध सुरु गर्ने र पञ्चायती व्यवस्थाका साथै राजतन्त्र फाल्ने भन्ने प्रशिक्षण सुरु भयो । गुरिल्ला बनेर हिँड्नेमध्येको म पनि एक हुँ ।

जाली तमसुक च्यात्ने त्यो अभियान

अहिलेका मिटरब्याजीहरूले जस्तै त्यतिवेलाका सुदखोरहरूले सुरुमा एउटा कागज बनाउने र त्यसमा शून्य थप्दै जाने गर्थे । जस्तै- कसैले ५० रुपैयाँ लिएको छ भने शून्य थप्दै पाँच सय, पाँच हजार, पाँच लाख पुऱ्याउँदै जान्थे । त्यसरी किसानलाई सधैँभरि ऋणमा बाँध्थे र अनेक दुःख दिने काम सुदखोरहरूले गर्थे । उनीहरूको खेतबारीमा विनाज्यालामा काम गर्नुपर्थ्यो । यस्ता अनेकखाले शोषण, दमनहरू हुन्थे । समाजमा भएका तमाम खालका विभेद, शोषणविरुद्ध हाम्रो आन्दोलनको एउटा सन्दर्भ सुदखोरको जाली तमसुक च्यात्ने-जलाउने थियो । सामन्त सुदखोरहरूले किसानलाई दिने दुःख, शोषण, दमन, उत्पीडनका विरुद्ध हामीले कदम चाल्यौं । तमसुक च्यात्ने वा जलाउने अभियान नै चलायौं । त्यस्तो तमसुकमा हाम्रो परिवार जोडिएको थिएन । वर्गीय संघर्षको क्रममा हामीले पीडितको आवाज उठाएका थियौं । हामीले जहाँ एक्सन गरेका थियौं, हाम्रो घरबाट त्यहाँ पुग्न करिब पाँच घन्टा लाग्थ्यो । गाउँका किसानलाई दुःख दिने सामन्त सुदखोरविरुद्ध कारबाही गर्ने नीति पार्टीले लिएको थियो । अर्घाखाँचीमा मात्रै होइन, गुल्मी, पाल्पालगायत जिल्लामा पनि त्यस्ता समस्या धेरै थिए ।

हामीले शैक्षिक जागरण अभियान पनि चलाएका थियौं । गाउँ-गाउँमा स्कुल खोल्नुपर्छ भन्थ्यौं । पार्टीका कार्यकर्ताहरू विभिन्न गाउँमा गएर स्कुल खोल्ने, त्यहाँ शिक्षकको रूपमा काम गर्ने र जनतालाई सचेत गराउने काम हुन्थ्यो । राजनीतिक जागरण त मुख्य भइहाल्यो । चुरो कुरो भनेकै पञ्चायती व्यवस्थाविरुद्धको थियो ।

गुरिल्ला युद्ध

गुरिल्ला युद्धको तयारीका लागि भन्दै आर्थिक संकलन गर्ने निर्णय लुम्बिनी पार्टी (केशरमणि पोखरेल इन्चार्ज) बाट भएछ । मनी एक्सन 'एमए' गर्नका लागि दुइटा सामन्त छनोटमा परे । एक्सनका क्रममा केशरमणि, देवेन्द्र घिमिरे आएर बस्नुभयो । त्यसअघि पनि हामीले गाउँमा सार्वजनिक जग्गा कब्जा गरेर सुकुम्बासीलाई दिनेजस्ता सानातिना एक्सनहरू गरेका थियौं । कुनै फटाहाले जाली तमसुक बनाएको थाहा पाए त्यो खोसेर तत्काल जलाइदिन्थ्यौं । मनी एक्सनको तयारीका क्रममा बन्दुक खोज्ने, बारुद बनाउने, बन्दुक पड्काउन सिक्ने काम गरियो । २०३० साल फागुन २७ गतेको राति १५ जनाको 'गुरिल्ला स्क्वाड' बनायौं । एउटा सामन्तकोमा 'एमए' सफल भएन । अर्को कपिलवस्तुसँग जोडिएको गाविस सिद्धारामा रहेको घर मनी एक्सनका लागि छनोट भएको रहेछ । रातभरि हिँडियो । अर्को दिन दिउँसो जंगलमा बसियो । पालैपालो सुत्यौं र जागा बस्यौं । त्यसपछि साँझ सामन्तको घरमा हमला गरियो । केशरमणि कमान्डर तथा देवराज भार र मेरो दाइ पीताम्बर उपकमान्डर थिए । त्यहीं पुगेपछि मात्र मलाई थाहा भयो- त्यो त मेरो आफन्तको घर पो रहेछ । जुन घरको दिदीले मेरो दाइलाई पढाउन लानुभएको थियो ।

चारैतिरबाट घर घेरा हाल्यौं । सबैलाई लगेर एउटा कोठामा थुन्यौं । घरमूली गाउँको बिहेमा गएका रहेछन् । अरू सबै त्यहीं थिए । त्यो घरका साइँला छोरा जिल्ला पञ्चायतका सदस्य थिए । यिनैले पर्चा छेकेको आरोपमा देवराजलाई पक्राउ गराएर चरम यातना दिएका रहेछन् । उनलाई बाँधेर कहाँ-कहाँ के-के छन् देखा भन्यौं । बन्दुक, नगद, सुनचाँदी र कागजपत्र केही बाँकी नराखी जलाइदिने योजना थियो । हामी कागजपत्र खोज्दै थियौं । त्यतिनै वेला सबै जन्ती हामीमाथि हमला गर्न आए । माथिबाट ढुंगाले हान्न थाले । हामीले दुई फायर छोडिदिएपछि उनीहरूको भागाभाग भयो । हामी त्यहाँबाट हिड्यौं । डाँकाहरू आएर बर्रेका साहुको घर लुटे भन्ने हल्ला चलाएछन् । त्यसको एक महिनापछि हाम्रो टिममा गएको एकजना सदस्य शशीधर आचार्यले प्रशासनमा गएर सबै पोल खोलिदिएछन् । प्रशासनले पहिला केशरमणिलाई पक्रने अनि अरूलाई पक्रने योजना बनाएको रहेछ । शशीधरको पोलमा केशरमणि पक्राउ परे । उनीसँग राजनीतिक कुरा सोधिरहेको छ भन्ने खबर आयो । हामी घरमै थियौं । भटाभट पक्रन थाल्यो । त्यो क्रममा हामीलाई समाल्ने, यातना दिने र जेलमा राख्ने काम सरकारले गरेको थियो ।

बेहोस भयौं, तर गलेनौं

०३० साल चैत ३० गतेको राति बाले एक्कासि बोलाउनुभयो । ढोका खोल्दा त राइफल सोझ्याएका पुलिस देखेँ । बा एकदम डराउनुभएको थियो । प्रहरीले 'हत्कडी लगा' भन्यो । त्यसपछि गाउँको प्रधानपञ्चको घरमा लग्यो । म त्यतिवेला १९ वर्षको थिएँ । बेस्सरी कुट्यो । उनीहरूले कुखुरा काटेर मासुभात खाए । हामीलाई केही पनि खान दिएनन् । त्यहाँबाट सदरमुकाम लिएर गयो । भुइँमा लगेर राख्यो । भेषराज ढुंगाना, लीलामणि ढुंगाना र मलाई ठेड्कोमा खुट्टा हालेर पल्टाइदियो । अध्याँरो छ, छामछुम गर्ने क्रममा लीलामणिले एउटा कपडा भेटाउनुभएछ । त्यही ओढेर सुत्यौं । निन्द्रा लाग्ने कुरा भएन । रात बल्ल कटाइयो । बिहान उठेपछि त प्रहरीले भन्यो 'त्यरिमा डाँका हो । कात्रो ओढेर सुत्ने ?' हामीले ओढेको कपडा त मान्छे पासो लागेको कपडा पो रहेछ ।

करिब एक महिनाभन्दा बढी समय हामी त्यहाँ बस्यौं । चरम यातना दियो । नङ र मासुको बीचबाट पिन छिराउने, लिङ्गमा पनि पिन छिराइदिने, दुईवटा खुट्टा बाँधेर माथि लाने अनि लठ्ठीले हान्ने, औँलामा काठ छिराएर च्यापिदिनेजस्ता चरम यातना दियो । कैयौंपटक बेहोस भयौं । तर, हामी गलेनौं । प्रहरी भन्थ्यो, 'डकैत गरिस् ?' हामी भन्थ्यौं 'थाहा छैन ।' हैरान भएपछि सबै लेखेको फाइल 'ल पढ् साले' भनेर दियो । ए टु जेड छ । 'सही गर्ने कि नगर्ने ?' भन्छ । त्यहींभित्र एउटा हवल्दार थियो । उसले एकान्तमा के भन्यो भने 'तपाईंहरू यत्रो पीडा किन खेप्नुहुन्छ ? अदालतमा गएर इन्कार गरे भइहाल्छ । यहाँ हुन्छ भनिदिनुस्, सही गरिदिनुहोस् ।' त्यसपछि हामीबीच सल्लाह भयो- 'यहाँ सही गर्ने, अदालतमा गएर चरम यातना दिएर गराएको, हाम्रो भनाइ होइन भनेर इन्कार गर्ने ।' बुटवल राखिएका केशरमणिलाई फिर्ता ल्यायो । हामीलाई भेट गराए । केशरमणिजीले 'स्वीकार गर्नुपर्छ । यो हाम्रो राजनीतिक कुरा हो, व्यक्तिगत कुरा होइन, अञ्चलाधीशसँग पनि मेरो कुरा भएको छ । राजनीतिक बन्दीको रूपमा जेलमा बसौंला' भन्नुभयो । नेताको निर्देशन हामीले पालना गऱ्यौं । 'बयानमा जे छ, त्यही हो' भन्यौं ।

ठुलीआमाले भनिन्, 'थुक्क मोरा'

हामी आठजनालाई अलग-अलग साइलोमा बाँधेर घटनास्थल लग्यो । त्यहाँ सबैभन्दा बढी पीडा मलाई भयो । आफन्तमा यस्तो गर्ने भनेर सबैले छिछिदुरदुर गरे । बुढी मान्छे ठुलीआमाले त 'थुक्क मोरा' भन्दै लाठीले हानिन् । मुन्टो निहुँऱ्याएर बस्नुको कुनै विकल्प नै भएन । त्यहाँ एक खालको ठूलो मानसिक यातना भयो । एक महिनासम्म साइलामा बाँधेर हिँडायो । जेलभित्र गएको दिन यातनाबाट मुक्त भएको अनुभव भयो । दुई वर्षसम्म घरपरिवारका मानिसलाई पनि भेट्न दिएन, अरूलाई त दिने कुरै भएन । रेडियो सुन्न र पत्रिकापत्रिका पढ्न पनि दिएन । हिसाबकिताब पनि राख्न दिँदैनथ्यो । सबै सामान जेलरकै पसलबाट किन्नुपर्ने थियो । दुई वर्षपछि अञ्चलाधीश सुरेन्द्रबहादुर श्रेष्ठ निरीक्षण गर्न गए । उनलाई के हो यस्तो ? कानुनले दिएको सजाय भोगौंला । तर, परिवारसँग पनि भेट्न नपाउने ? पढ्न पनि नपाउने ? रेडियो सुन्न पनि नपाउने ? भन्ने पनि हुन्छ ? भनेर केशरमणिले कुरा गरे । त्यसपछि श्रेष्ठले जेलरलाई तत्कालै भने, 'घरको मान्छेलाई भेट्न दिनू, पुस्तकालयमा भएका किताब र पत्रिका पढ्न दिनू ।' त्यो हाम्रा निम्ति ठूलो क्रान्ति भयो । मैले लेनिनको 'राज्य र क्रान्ति' त्यहीं पढेँ । त्यसपछि जवाहरलाल नेहरूको 'ग्रिम्प्सेस अफ द वर्ल्ड हिस्ट्री' पनि त्यहीं पढेँ । पढ्ने छुट भएपछि अर्को मुक्ति भयो । त्यसपछि पूरै पढ्ने भनेर लागियो । इतिहास, साहित्य जे पाइन्छ जम्मै पढ्यौं । एसएलसी पास भएपछि काठमाडौं जान पाइन्छ भन्ने बुझियो । त्यसपछि हामीलाई एसएलसी दिने धुन चल्यो । ०३६ सालमा तम्घास जेलबाट एसएलसी दियौं ।

त्यसबीचमा एक-दुईवटा घटना भए । बाहिरबाट एक रुपैयाँमा किनेको सामान जेलरले दश रुपैयाँमा बेच्थ्यो । ३२-३३ सालतिर तिजको दर खाने दिन थियो । कुखुराको मासु र भात खाने कुरा भयो । नेत्र ढुंगानाले कुखुरो समात्न लगाउनुभएछ । मोल गर्दा धेरै चर्को भएपछि नलाने भनेर छोडिदिनुभएछ । हामी त खाना खाएर सुत्न लागेका थियौं । जेलर त ढोका खोल् भनेर पिट्न पो आयो । हामीलाई शंका लाग्यो । पिट्न आएजस्तो छ, यदि पिट्न आएको रहेछ भने त्यसैलाई गोदिदिने भनेर केशरमणिबाट निर्देशन भयो । जेलर गएर नेत्रजीको कपाल समात्यो । अनि हामी गएर जेलरलाई राम्ररी गोद्यौं । बन्दीले जेलर कुटेपछि हंगामा भयो । सिडियो, सेनाको मेजर, प्रहरी अधिकारी आएर हल्लाखल्ला गरे । बिहान १० बजेसम्म ढोका खोलेन । एउटा साइलोले दुईजनालाई बाँधेर राख्यो । त्यो घटनासम्म केशरमणिको स्प्रिड ठिकै थियो । तर, त्यसपछि उहाँको स्प्रिडमा शिथिलता आउन थाल्यो । केशरमणिबाट माफी मागौं भन्ने प्रस्ताव आयो । हामीले यसो नगर्ने भन्यौं । ६ महिना त्यसरी राख्यो, त्यसपछि बाध्य भएर साइलो खोल्यो । त्यसपछि हाम्रो बीचमा अन्तरविरोध जन्मियो । केशरमणिलाई नेता नमान्नेमा हामी पुग्यौं । दोस्रो कुरा केशरमणि भन्दा हामी क्रान्तिकारी ठहऱ्यौं । उहाँले हत्कडी सहन सक्नुभएन, हामीले सह्यौं । त्यहीबीचमा ०३६ सालको विद्यार्थी आन्दोलन भयो । जनमतसंग्रह सुरु भएपछि त हामी ठूला मान्छे भयौं । ठुल्दुला आमसभा हुन थाले । प्रशासनले हामीलाई अर्कै रूपमा हेर्न थाल्यो । जनमतसंग्रहका वेला माफी दिएर हामीलाई पनि छोड्छ भन्ने हल्ला चल्न थाल्यो । तर, छोडेन । हामीलाई भेट्न मानिसहरूको लर्को लाग्न थाल्यो । त्यसपछि हामीलाई काठमाडौं पठायो ।

डाँका भनेपछि...

राजनीतिक बन्दीहरूलाई जेलमा रहेका अन्य बन्दीसँग कुराकानी गर्न दिँदैनथ्यो । तर, हामी त्यस्ता नियम तोडिदिन्थ्यौं । हामी सचेत पार्ने काम गरिरहन्थ्यौं । कहिलेकाहीं बन्दीहरू प्रशासनविरुद्ध भड्किन्थे । त्यसकारण पनि हामीलाई विभिन्न जेलमा सरुवा गर्थ्यो । केपी ओलीलगायतसँग सेन्ट्रल जेल र भद्रगोलमा सँगै बसियो । दुई ठाउँमा गरेर करिब अढाइ वर्षजति सँगै बसियो होला । पञ्चायती व्यवस्थामा मुलुकमा राजनीतिविरोधी छैन, पञ्चायती व्यवस्था निर्विकल्प हो भन्ने थियो । राजनीतिक मान्छेलाई पनि विभिन्न मुद्दामा फसाएर राख्थ्यो । केपी ओलीहरूलाई ज्यान मुद्दा लगाएको थियो । हामीलाई डकैती मुद्दा लगाएको थियो । सेन्ट्रल जेलमा केपी ओली, राधाकृष्ण मैनालीलगायत पनि हुनुहुन्थ्यो । हामी सँगै बस्न चाह्यौं, तर उहाँहरूले मान्नुभएन ।

०३७ साल चैत १४ गते अनेरास्ववियुले पहिलोपटक नेपाल बन्द कार्यक्रम राखेको थियो । त्यो क्रममा विद्यार्थी साथीहरू जेल पर्नुभएको थियो । विद्यार्थी साथीहरूले बाहिरबाट हेर्दा सबै राजनीतिक बन्दी हुन् भनेर बुझ्नुभएको थियो । सेन्ट्रल जेलमा बीचमा एउटा घर थियो, वरिपरि अन्य घर थिए । हामी पूर्व र पश्चिमका राजनीतिक बन्दीहरू अलग-अलग घरमा बस्थ्यौं । विद्यार्थी साथीहरूलाई अनौठो लागेछ । 'एकै ठाउँमा किन नबसेको ?' भनेर विद्यार्थीहरूले ओलीलाई सोधेछन् । 'कहाँ तिनीहरू त डाँका, हामी पो राजनीतिज्ञ, त्यसकारण सँगै नबसेको' भन्नुभएछ । विद्यार्थी साथीहरूले हामीसँग पनि कुरा गर्नुभयो । ओलीले त यसो भन्नुभयो । अनि मैले भनेँ, 'ठिक छ, मुद्दा लागेको हिसाबमा उहाँहरूलाई ज्यानमुद्दा लागेको छ, हामीलाई डकैती मुद्दा लागेको छ । मुद्दा लागेको हिसाबले हामी अराजनीतिक हुने हो भने उहाँहरू पनि ज्यानमारा हुनुहोला । हामीलाई त्यस्तो लाग्दैन । हामीले पञ्चायती व्यवस्थाविरुद्ध गतिविधि गर्‍यौं, त्यसकारण हामीलाई मुद्दा लगाइएको हो । मुद्दाका आधारमा हामी हेर्दैनौं, उहाँहरूले हेर्नुहुन्छ भने उहाँहरूकै कुरा भयो । उहाँहरूको त्यो संकीर्ण दृष्टिकोण हो ।' शब्दमा अभिव्यक्त नभए पनि हाउभाउ हेर्दा मेरो कुरा विद्यार्थी साथीहरूले मन पराएको लाग्यो ।

साढे १२ वर्ष जेलजीवन

प्रशासनले सुरुमा दश वर्ष जेल सजाय तोक्यो । पछि वकिलहरूले अपिल गरे सजाय कम हुन्छ भने । हाम्रो पक्षमा मालवरसिंह थापालगायत वकिलहरूले बहस गरेका थिए । मुद्दा हारियो । १० प्रतिशत थप जेल सजाय भयो । यसैबीचमा एक्सनमा परेका मानिसहरू मुद्दा फिर्ता लिन तयार भए । तर, राज्यले मानेन ।

हामी जेलमै रहँदा पुष्पलाल श्रेष्ठको निधन भयो । त्यसपछि त्यो संगठन एक प्रकारले छिन्नभिन्न जस्तो भयो । हामी आफ्नै ढंगले संगठित हुनुपर्छ भनेर अधि बढ्यौं । जेलमा रहँदा झापाली साथीहरू र हामीबीच संघर्षको कुरा हुन्थ्यो । उहाँहरू 'संघर्ष जारी छ' भन्नुहुन्थ्यो, 'हामी परिवर्तन भएर जानुपर्छ' भन्थ्यौं । ०३७ सालमा मालेको एउटा सम्मेलनबाट 'वर्गशत्रु खत्तम' वाला लाइन परिवर्तन गरेछ । त्यसको अपानी

» पृष्ठ ४ मा क्रमशः

सुदखोरको...

पृष्ठ ३ बाट क्रमशः

(अन्तर पार्टी निर्देशन) आयो । केपी ओलीले मलाई 'अपानी' पद्न दिनुभयो । 'कस्तो लाग्यो ?' भन्नुभयो । 'राम्रो लाग्यो, तपाईंहरू र हाम्रो कुरा मिल्ने भएछ' भनें । त्यहीबीचमा सम्झौता गरेर केशरमणि छुटेछन् । 'श्री ५ महाराजधिराज सरकारबाट बक्स हुने संविधान प्रजातान्त्रिक हुनेछ भन्ने विश्वास गर्नेछु र त्यस संविधानअन्तर्गत रहेर काम गर्ने प्रतिबद्धता जाहेर गर्नेछु' भने निवेदन लेखेर आफू छुटेको कुरा उनले गरे । हामीलाई पनि सोहीअनुसार गर्न भने । हामीले त्यो कुरा मानेनौं । निर्विकल्प भनिएको पञ्चायतको विकल्प खोजी भयो, बहुदल कि निर्दल भन्नेमा जनमतसंग्रह भयो । धाँधली नभएको भए बहुदलको जित हुने थियो । तथ्यांककै आधारमा भन्ने हो भने पनि २० लाख बहुदलको पक्षमा र २४ लाख निर्दलको पक्षमा मत छ । हामीले पञ्चायतलाई मान्यौं भने २० लाख मतको अपमान हुन्छ भन्ने निष्कर्षमा पुग्यौं ।

मालेसँग हाम्रो कुराकानी चलिरहेको थियो । त्यसैबीचमा मोदनाथ प्रश्रित फेरि पक्राउ पर्नुभयो । उहाँलाई पनि त्यहीं ल्याइयो । उहाँसँग कुरा गर्न हामीलाई अलि सजिलो पनि भयो । हामी एकता गर्न सक्छौं भन्ने निष्कर्षमा पुग्यौं । विद्यार्थी साथीहरूले जेल सुधारका निम्ति अनशन बस्ने भनेर अभियान सुरु गरे । त्यसपछि कसैलाई छोडिदियो, कसैलाई सरुवा गरिदियो, कसैलाई त्यहीं राख्यो । प्रश्रितजीले पार्टीलाई चिठी लेख्नुभएछ । त्यो चिठी उहाँले अर्जुन कार्कीलाई दिनुभएको थियो । लुकाएर लाने क्रममा चिठी प्रहरीले फेला पारेछ । उहाँलाई गोलघरमा लग्यो । हामीलाई फेरि बाहिर निस्कन नपाउने गरी ६ महिनासम्म कोठामा थुन्यो । गोरखापत्रको एक-एक अक्षरमा चिनो लगाउने, अक्षर, अक्षर भएपछि शब्द बन्छ, शब्द-शब्द भएर वाक्य बन्छ । त्यो माध्यमबाट हामी सन्देश आदानप्रदान गर्थ्यौं । प्रशासन बीचमा अलि-अलि नरम हुन थालेको थियो । प्रश्रितजीलाई किन यहाँबाट सारेको भनेर हामीले कुरा उठायौं । पछि प्रश्रितजीलाई त्यहीं ल्यायो । केही दिन हामी रमाएर बस्यौं । लेख्नुपर्छ भनेर सिकाएको प्रश्रितजीले नै हो । पढ्नुपर्छ भनेर सिकाएकोचाहिँ केशरमणिले हो ।

०३९ साल असोजमा वर्गसंघर्ष समूह र माले एकताबद्ध भयौं । यसरी जेलभित्रबाटै पार्टी एकता गरियो । बाहिर सूचना गयो । 'वर्ग संघर्ष समूह मालेमा' भनेर पत्रिकाले समाचार छाप्यो । त्यसपछि फेरि नयाँ ढंगले यातना सुरु भयो । सेन्टर जेलमा रहँदा तीन घन्टासम्म बेहोस भएछु । तोकिएको सजाय भुक्तान भएपछि पनि हामीलाई छोडेन । लगातार साढे १२ वर्षसम्म जेलमा बसियो । ४१ सालको जेठमा जेलबाट छुट्यौं ।

जेलबाट छुटेलगत्तै भूमिगत

जेलबाट छुटेपछि घर नगई म काठमाडौंबाटै भूमिगत भएँ । मालेको एक प्रमुख नेता जीवराज आश्रित हुनुहुन्थ्यो । जेल पर्नुभन्दा पहिला पनि हामी उहाँकै नेतृत्वमा आन्दोलनमा थियौं । उहाँ त्यतिवेला अर्घाखाँचीको इन्चार्ज हुनुहुन्थ्यो । हामी जेलबाट छुटेपछि आश्रितसँग भूमिगत रूपमा भेट भयो । राजनीतिक अवस्थाको समीक्षा र आगामी रणनीतिबारे छलफल भयो । जीवराज कमरेडले 'पार्टीलाई मान्छे चाहिएको छ, तपाईं-हामीमध्ये को-को भूमिगत हुने ?' भन्नुभयो । हाम्रो टिममा ६ जना थियौं । केही साथी अलि अगाडि छुट्नुभएको थियो । मैले म हुन्छु भनें । अरू साथीहरूले घर गएर निर्णय गर्छौं भन्नुभयो । मैले ०४१ देखि ०४६ सालसम्म भूमिगत भएर पार्टी काम गरें । अर्घाखाँची, गुल्मी, पाल्पा, रुपन्देहीमा जिल्ला तहको नेतृत्वमा रहेर काम गरें । ०४७ सालमा पार्टी खुला भएपछि खुला राजनीतिमा काम गरें ।

वैचारिक काममा रुचि

सिद्धिनाथले 'सुरुको अवस्थामा हामी चुनाव नलडौं' भन्नुभयो । उहाँले भनेको मैले मानें । हामी चुनाव लडेनौं । राजनीतिमा राजकीय पद मात्रै ठूलो कुरा होइन, अरू हिसाबले पनि काम गर्न सकिन्छ भन्ने लाग्यो । मेरो रुचि सुरुदेखि नै वैचारिक काम गर्नुपर्छ भन्नेमा थियो । म त्यसमा बढी रमाउँथें । प्रतिनिधिसभा निर्वाचन लड्ने सवालमा मैले दुईपटक चाहना गरेको थिएँ- ०५६ र ०६४ मा । ०५६ मा अर्घाखाँचीबाट चुनाव लड्ने तयारी गर्दा मेरो दाजु (पीताम्बर) जिल्ला विकास समितिको सभापति हुनुहुन्थ्यो । केही साथीले दाजु र भाइ दुवैलाई हुँदैन भन्ने संकीर्ण धारणा राख्नुभयो । मैले त्यसो भए म जान्नँ भनें । पछि पार्टीले दाजु सभापति भएको नाममा टिकट नदिनु गलत भयो भन्ने महसुस गऱ्यो र ०५७ मा राष्ट्रिय सभा सदस्य बनायो । ०६४ मा कपिलवस्तुबाट संविधानसभा निर्वाचनमा उठ्न खोजेको थिएँ । तर, टिकट पाइएन । कपिलवस्तुमा सायद मैले टिकट पाएको भए जित्थें, अर्को साथीले जित्न सक्नुभएन । समानुपातिकमा नाम थियो, सांसद बन्नकै लागि जोडबल गरिनँ ।

...अनि पिएचडी

हामीले गाउँमा सानै उमेरमा शैक्षिक सुधार अभियान थालेका थियौं- पढ्ने-पढाउने, त्यो अभियानमा लेखपढमा मेरो रुचि बढी नै भयो । जेलमा पनि दुःख गरेर पढियो । एसएलसी, आइए, बिए, एमए प्रथम वर्षको परीक्षा जेलबाटै दिएँ । दोस्रो वर्षको परीक्षा भने जेलबाट छुटेपछि दिएँ । जेलमा किताब बढ्ने क्रममै इतिहास र दर्शनतिर रुचि बढ्यो । मार्क्सले पनि इतिहास र दर्शन पढेको भेटें । अर्थशास्त्र त उहाँको पछिको विषय हो । पढाइलाई जतिसक्दो बढाउन पाए हुन्थ्यो भन्ने सोच बालापनदेखि नै थियो । फेरि राजनीति गरेका मान्छे पढेलेखेका हुँदैनन् भन्ने पनि थियो । त्यसैले किन हामी पढ्न सक्दैनौं भन्ने लाग्यो । गरैरै देखाउनुपर्छ भन्ने हिसाबले पिएचडी गर्ने सोच आयो । 'जबजको ऐतिहासिक विकासक्रम'मा पिएचडी गरें ।

ग्रामीण परिवेशको सुन्दर चित्रण

कमलाखोँच महाभारत पर्वत र चुरेका होचाहोचा थुम्काका बीचमा पर्छ । कमलाखोँचको समथल भूभागमा हजारौँ मानिस बाँचिरहेका छन् ।



गगन अर्याल

चर्चा

'रुपिका' एक सामाजिक उपन्यास हो । यो उपन्यास विशुद्ध ग्रामीण परिवेशमा आधारित छ । उपन्यासमा 'रुपिका' प्रमुख नारी पात्रको नाम हो । यो पुस्तक पढिसकेपछि मेरो मन शान्त भएर बसिरहन सकेन ।

उपन्यास पढ्दा सिन्धुली जिल्लाको कमलाखोँच आँखैअगाडि आइपुग्छ । त्यहाँको परिवेशलाई उपन्यासकारले सुन्दर तरिकाले चित्रण गरेका छन् । कमलाखोँच महाभारत पर्वत र चुरेका होचाहोचा थुम्काका बीचमा पर्छ । कमलाखोँचको समथल भूभागमा हजारौँ मानिस बाँचिरहेका छन् । चुरेको फेदबाट बग्ने कमला नदीले गर्दा त्यहाँको वातावरण झनै मनमोहक बनेको छ । यस्तै परिवेशमा कथा अगाडि बढेको छ ।

उपन्यासमा यस ठाउँको जीवनशैली सुन्दर तरिकाले वर्णन गरिएको छ । उपन्यासकार केशव घिमिरे कमलाखोँचवासी नै भएका कारण पनि यस ठाउँको वर्णन सुन्दर भएको हुन सक्छ । उपन्यासकारले आफ्नै ठाउँको रहनसहन, वेशभूषा, भाषा, संस्कृति, संस्कारलाई प्राथमिकतामा राखेका छन् । उपन्यासकारले आफ्नो ठाउँ उपन्यासमार्फत गज्जबले चिनाएका छन् । यस अर्थमा उनलाई धन्यवाद दिनैपर्छ ।




सरसर्ती पढ्दा उपन्यासले खासै ठूलो विषय उठान गरेजस्तो लाग्दैन । किनभने उपन्यासमा काल्पनिक पक्षको धेरै प्रयोग गरिएको छैन । गाउँठाउँको परिवेश उपन्यासले वर्णन गरेको छ । त्यसैले पनि यो उपन्यासलाई सामाजिक उपन्यास भन्न सकिन्छ । विवाहको प्रसंगबाट कथा अघि बढ्छ । अन्तरजातीय विवाहबाट सिर्जित द्वन्द्व उपन्यासमा बढी मात्रामा सशक्त भएको पाइन्छ । 'अब पनि जातभात छ र ?' 'हामी अब शिक्षित वर्ग भएर पहिलेझैं चुप लागेरै बस्ने हो त ?' जस्ता अभिव्यक्ति समाजमा बाक्लै सुनिन्छन् । जातीय विभेद जायज छैन । यस्तै प्रसंगहरूले उपन्यास झनै सशक्त बनेको छ ।

शिक्षित परिवारमा समेत जातको कुरालाई लिएर यति धेरै विभेद हुन्छ भने झन् शिक्षाबाट वञ्चित समुदायमा जातीय विभेद कति होला ? यो आफैंमा गम्भीर प्रश्न हो । यो गम्भीर प्रश्नलाई उपन्यासकारले सुन्दर तरिकाले प्रस्तुत गरेका छन् । राम्रो विषय उठान गरेकोमा लेखकलाई धन्यवाद दिनैपर्छ । साथै, आगामी दिनमा पनि अझै राम्रा उपन्यास पाठकले पढ्न पाऊन् । लेखकलाई शुभकामना !

साहित्यको निराशाजनक बजार

लेखक पुस्तक संख्या बढाउनेतिर, पाठक सामाजिक सञ्जालतिर





मीनराज बसन्त

info.meenraj@gmail.ocm

०७९ वर्ष

वसन्त ऋतुको याम छ । प्रकृतिमा नयाँ आँकुरा पल्लवित भएका छन् । यी आँकुराले नयाँ आशा, उत्साह र उमंगलाई संकेत गर्छन् । तर, नेपाली साहित्यको बजारबाट यो वर्षलाई फर्केर हेर्दा चरम निराशाजनक देखिएको छ ।

अर्थतन्त्रको दृष्टिकोणबाट हेर्दा देश आर्थिक संकटको मारमा छ । अझै पनि अर्थतन्त्रका अधिकांश सूचक नकारात्मक छन् । पहिले कोभिड र त्यसपछि रसिया-युक्रेन युद्धले नेपाल मात्रै होइन, विश्वव्यापी रूपमा आर्थिक मन्दीको गर्त फराकिलो हुँदै छ । महँगीदर बढेको छ । पेट्रोलियम पदार्थ, खाद्यान्नदेखि थुप्रै चिजको आपूर्ति शृंखला खलबलिएको छ । व्यापार-व्यवसाय पनि सुस्त छ । यस्तो अवस्थामा नेपाली साहित्यको बजार पनि अछुतो रहेको देखिँदैन ।

यो वर्ष विभिन्न प्रकाशकले दुई सयभन्दा बढी किताब प्रकाशन गरे । मोफसलमा प्रकाशित र हल्ला नभएका कृति थप होलान् । तर, गुणस्तरीय किताब र तिनको हल्लाखल्लाअनुसार जति किताब बिक्री हुनुपर्थ्यो, त्यति नभएको प्रकाशकहरू बताउँछन् ।

साहित्यको बजार कोभिडभन्दा दुई-तीन वर्षअघिदेखि नै सुस्त भएको बताउँछन् फाइन प्रिन्टका अजित बराल । 'राम्रा किताब प्रचारप्रसार हुँदा पनि जति बिक्री हुनुपर्ने हो, त्यति भएनन्,' उनी भन्छन्, 'कर्नाली ब्लुजपछि अत्यधिक चर्चा भएको किताब 'फातसुङ' हो । विषय, अनुवाद, प्रचार र प्रतिष्ठित जेसिबी प्राइजमा छनोट भएको किताबको बिक्री पनि सोचेअनुरूप हुन सकेन । अर्को राम्रो कृति 'महाभारा' पनि अपेक्षाअनुसार बिक्री भएन ।'

बुकहिल पब्लिकेसनका भूपेन्द्र खड्का पनि साहित्यको बजार देखेर निराश छन् । उनका अनुसार बिक्रीका हिसाबले यो वर्ष न्यून रह्यो । 'यो वर्ष पाँच हजार हाराहारीमा बिक्ने लेखकका किताब पनि एक हजार प्रति बिक्न गाह्रो भयो । 'एकाध किताबबाहेक अरूको खासै व्यापार भएको छैन,' उनले सुनाए ।

यसैगरी पब्लिकेसन नेपालयकी सैजन मास्केको भनाइ पनि बराल र खड्कासँग मिल्दोजुल्दो छ । उनको भनाइमा किताबको बजार पहिलेजस्तो छँदै छैन ।

यो वर्ष शिखा बुक्सले विभिन्न विधामा ४५ भन्दा बढी किताब प्रकाशन गऱ्यो । यद्यपि साहित्यको बजार भने सुनसान भएको शिखा बुक्सका सञ्चालक एवम् पुस्तक विक्रेता संघका उपाध्यक्ष पुष्पराज पौडेल सुनाउँछन् । उनी भन्छन्, 'अघिल्लो वर्षको तुलनामा ४० प्रतिशतले व्यापार घटेको छ ।'

नेपाली साहित्यको बजार सीमित छ । यही सीमित बजारमा किताब प्रकाशन गरिरहेका पाँचपोखरी प्रकाशन गृहका राम श्रेष्ठको अनुभव भिन्नै हुने कुरै भएन । उनले पनि कोभिडअघिसम्म ठिकठाक रहेको व्यापार कोभिड हुँदै रुस-युक्रेन युद्ध भोगेर यहाँसम्म आइपुग्दा ९० प्रतिशत घटेको बताउँछन् । 'व्यवसायबाट नाफा गर्नुपर्ने वेला खर्च नै नधान्ने अवस्था आएको छ,' उनले निराश हुँदै सुनाए ।

साहित्यिक बजार टिठलाग्दो हुनुमा फिनिक्स बुक्सका गणेश सुवेदीचाहिँ केही फरक धारणा राख्छन् । उनलाई लाग्छ, पछिल्लो समय बजारमा इमानदारिता हराउँदै गएको छ । विभिन्न कारण देखाएर विक्रेताले पैसा रोकिदिएका छन्, जसले गर्दा किताबी बजारले राहत पाउन सकेको छैन ।

फरक धारणासँगै बजारलाई लिएर सुवेदीको गुनासो पनि छ । उनी थप्छन्, 'एकातिर आशालाग्दा लेखकबाट निराशाजनक नतिजा हात लाग्यो । लेखक गुणवत्ताभन्दा संख्या बढाउनतिर लागे । अर्कातिर अधिकांश मान्छे लेखक बन्ने मोह पालेर बसेका छन् । तर विडम्बना, तिनैले अरूका कृति पढ्दैनन् ।'

यी त भए प्रकाशकका कुरा । बजारमा पाठकसँग प्रत्यक्ष जोडिने, उनीहरूको क्रयशक्ति अनुमान गर्ने र बजारको स्थिति नजिकबाट बुझ्ने भनेको किताब वितरक तथा विक्रेता नै हुन् । विडम्बना ! उनीहरूको अनुभवले पनि प्रकाशककै कुरालाई समर्थन गर्छ ।

वितरक एवं अनलाइन बुकस्टोर किताबकिरोका सञ्चालक तारानिधि रेग्मीका अनुसार बजार साँच्चै सुस्त छ । अधिकांश किताब एकपछि अर्को असफल हुने क्रम जारी छ ।

सम्पूर्ण किताबका सञ्चालक लेखराम सापकोटाले बजारको अवस्था देखेर जे अनुभव व्यक्त गरे, त्यो सुन्दा कहाली लाग्छ । 'पछिल्ला चार वर्षको तुलनामा व्यापार अति नै सुस्त छ । सुस्त बजारले नाफा त परै जाओस्, भाडा तिर्न पनि पुग्दैन,' उनी भन्छन्, 'त्यही कारण अहिले व्यवसायीले विकल्प सोचिरहेका छन् । पलायनै हुनुपर्ने अवस्था आएको छ ।'

किताबको बजार कहिलेदेखि सुस्तायो ?

सबै प्रकाशक तथा वितरक/विक्रेताको साहित्यिक किताब बजारको आशा आठ-दश वर्षअघि गएर जोडिन्छ । ६० को दशकपछि किताबको बजारलाई प्रकाशकहरू सन्तोषजनक अवस्था मान्छन् । कुनै लेखकको विमोचनपछि व्यापक चर्चा हुन्थ्यो । सञ्चारका विभिन्न माध्यममा समीक्षा छाप्न होडबाजी चल्थ्यो । अहिलेको भर्झै अल्गोरिदम र कम्युनिटी स्ट्यान्डर्डजस्ता टुल्सले सामाजिक सञ्जालमा 'कन्टेन्ट सेन्सर' पनि गर्दैनथ्यो ।

'०६२/०६३ पछि उदाएको साहित्यको बजार ७०/७५ मा आउँदा उत्कर्षमा पुग्यो । तर, त्यसपछि क्रमशः सेलाउँदै गयो,' फाइन प्रिन्टका बराल सुनाउँछन्, 'पठनको समय युट्युब, टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालले खाइदिए । मान्छेले सस्ता विषयमा निःशुल्क कन्टेन्ट हेर्न, पढ्न पाए । त्यहाँ किताबबारे छलफल र विचारविमर्श हरायो ।'

बुकहिलका खड्काचाहिँ कोभिडअघि नेपाली लेखकका राम्रा र गुणस्तरीय किताब बिकेको स्मरण गर्छन् । यता पौडेल भने पुस्तक व्यवसायमा सर्वाधिक 'ग्रोथ' गरेको समय नै कोभिडअघिसम्मको बताउँछन् ।

सुस्त बजारको चुस्त कारण

बजारमा किताब नबिक्नुका कैयौं कारण हुन सक्छन् । तर, अहिलेको अवस्थामा कोभिड, रुस-युक्रेन युद्ध र विशेषगरी आर्थिक मन्दी नै हुन् । यी तीनवटै तत्त्व एकअर्कासँग परस्पर रूपमा जोडिएर आउँछन् । कोभिड महामारीले सबैतिर ठप्प बनायो । आर्थिक क्षेत्र चलायमान हुन सकेन । कोभिडपछि अलिकति बजार बौरिन थालेको के थियो, रुस-युक्रेन युद्धले त्यसलाई छिन्नभिन्न बनायो । त्यसको असर भान्सादेखि किताबको बजारसम्म पऱ्यो ।

साहित्यको बजारले लय गुमाउनुमा लुकाएर पनि नलुक्ने तत्त्व हो, आर्थिक मन्दी । 'आर्थिक मन्दीले कुनै क्षेत्र बढी प्रभावित भयो भने, त्यो किताब बजार नै हो,' बुकहिलका खड्का भन्छन्, 'मन्दीले किताब छाप्ने कच्चापदार्थ कागज, मसी सबैको भाउ अत्यधिक बढेको छ । यही कारण कतिपय प्रकाशकले चाहेर


लिगलिगकोटमा साइकल दौड











सञ्जित परियार

spariyar2019@gmail.com

फोटो कथा

अघिल्ला वर्षजस्तै यस वर्ष पनि 'लिगलिगे साइकल दौड' गोरखाको पालुङटारमा आयोजना गरिएको छ । साइकल दौडमा दुई विदेशीसहित ३९ जना सहभागी थिए । करिब ५३ किलोमिटर लामो साइकल दौडमा व्यावसायिक साइकल रेस खेलाडीसमेत सहभागी थिए ।

सहभागीहरू पालुङटारकै आँपपिपल भञ्ज्याङ, हर्मी भञ्ज्याङ, बायाँपानी, मकनडाँडा, थापागाउँ, आँपपिपल अस्पताल हुँदै पाथिभरा, गुन्टार, मूर्तिखोला, भण्डारथोक, ओख्ले, लमजुङ गमरबेसी, घर्तीगाउँ, ठूलो बगैंचा, चेपघाट तरेर लमजुङको बेसीसहरसम्म पुगेका थिए । पालुङटार हवाई अड्डा हुँदै तालपोखरी, ठाँटीपोखरी, बाह्रपिर्के र वधडाँडा हुँदै फेरि लिगलिगकोट डाँडामा उनीहरू पुगेका थिए । आयोजक 'लिगलिग भिलेज स्पोर्टस्'का अनुसार लिगलिगकोटलाई साहसिक खेलको केन्द्रको रूपमा विकास गर्न २०७७ देखि हरेक वर्ष यो कार्यक्रम आयोजना गरिँदै आएको छ ।

इतिहासकारका अनुसार १६औं शताब्दीमा घले राजाहरूले शासन गरेको लिगलिग राज्यको राजधानी लिगलिगकोट थियो । त्यस समयमा घले राजाहरूले हरेक वर्ष नयाँ शासक चुन्न दौड आयोजना गर्थे । सोही दौडमा द्रव्य शाह पनि सहभागी भई चलाखीपूर्ण तरिकाले राजा भएको बताइन्छ ।

अहिले पनि यस क्षेत्रमा हरेक वर्ष दसैंका वेला दौड आयोजना गरिन्छ । लिगलिगकोट दौडजस्तै साइकल रेस पनि आयोजना गरी यहाँको पर्यटन प्रवर्द्धनमा टेवा दिन खोजिएको आयोजक टोलीका सदस्य सञ्जीव रानामगरले जानकारी दिए ।

गतसाताको शनिबार भएको साइकल दौडमा भने तीन विधामा प्रतिस्पर्धा गरिएको थियो । 'मेन्स इलाइट' र 'मेन्स मास्टर'का लागि सहभागीले प्रतिस्पर्धा गरे । मेन्स इलाइटतर्फ प्रथम हुने त्रिभुवन आर्मी क्लबका हिमाल टमटाले ५३ किलोमिटर दूरी दुई घन्टा २४ मिनेट २७ सेकेन्डमा पूरा गर्दै ७५ हजार पुरस्कार जिते । दोस्रो हुने अचुतकृष्ण खरेलले दुई घन्टा २४ मिनेट ४१ सेकेन्डमा दूरी पार गर्दै ५० हजार र तेस्रो हुने कुमार तामाङले दुई घन्टा २५ मिनेट ४६ सेकेन्डमा निर्धारित दूरी पार गर्दै ३० हजार नगद र मेडल पाए । चौथो र पाँचौं स्थान हासिल गर्नेले १५ हजार र सात हजार पाँच सय पाए । मेन मास्टरतर्फ प्रथम हुनेले १५ हजार, दोस्रोले १० हजार र तेस्रोले पाँच हजार पाए ।

रेसमा स्थानीय पनि सहभागी भए । स्थानीयका लागि चाहिँ छुट्टै पुरस्कारको व्यवस्था गरिएको थियो । रेसमा पालुङटार नगरपालिकाका सहभागी प्रथम भएका थिए । राइनस नगरपालिकाका सहभागी दोस्रो भएका थिए भने सिरानचोक गाउँपालिकाका सहभागी तेस्रो भएका थिए । प्रथम हुनेले पाँच हजार, दोस्रो हुनेले तीन हजार र तेस्रो हुनेले दुई हजार पुरस्कार पाए ।



पनि किताब भनेको समयमा छाप्न सक्ने अवस्था छैन । रुस-युक्रेन युद्धको असर सिधै प्रिन्ट उद्योगमा छ ।'

खासमा अहिले देखिएको आर्थिक समस्या हो । तर, लेखाइ पनि सबल बनाउन जरुरी रहेको खड्का बताउँछन् । उनका अनुसार प्रकाशकले जस्तो पायो त्यस्तै र जे पायो त्यही छापिदिँदा बजार प्रभावित बनेको छ । पाठकमा विश्वास पनि घट्दै गएको छ ।

फरक धारणा राखे तापनि फिनिक्स बुक्सका सुवेदीले कोभिड र आर्थिक मन्दीजस्ता कारणले बजार निराशाजनक बनेको सत्यलाई नकारेनन् । 'आर्थिक मन्दीले किताब पठनको प्राथमिकतालाई धकेलेर धेरै टाढा पुऱ्यायो,' उनले प्रश्न गरे, 'मान्छेको पहिलो प्राथमिकता दालभात, घरभाडा, स्वास्थ्योपचार हुन पुग्यो । यो स्थितिमा किताब किनेर कसरी पढ्ने ?'

सुवेदीले जे भने सही भने । आर्थिक मन्दीले मान्छेसँग बचत कम छ भने महँगी बढी छ । के खाऊँ ? के लाऊँ ? चिन्ताबीच किताब कुनै हालतमा पहिलो प्राथमिकतामा पर्दैन ।

बरालको शब्द सापटी लिएर भन्दा देशको अस्थिर राजनीति, बढ्दो महँगीदरलगायत कारणले साक्षर युवा पनि विदेश पलायन हुन थाले । उनीहरू पलायन हुनु भनेको नेपाली भाषा-साहित्यका पाठक घट्नु हो ।

पब्लिकेसन नेपालयकी मास्के भने कोभिड सकिनै लाग्दा रुस-युक्रेन युद्ध सुरु भएको र त्यसले किताब प्रकाशनका लागि आवश्यक पर्ने सामग्रीको आपूर्ति अवरुद्ध हुँदा किताबको मूल्य बढाउनुपरेको बताउँछिन् । उनका अनुसार बजार सुस्ताउनुमा एउटा कारण यो पनि हो । साथै, बजारमा किताब धेरै हुँदा पाठकलाई विकल्प पनि उत्तिकै सिर्जना भएको मास्केको भनाइ छ ।

> यो वर्ष विभिन्न प्रकाशकले करिब दुई सयभन्दा बढी किताब प्रकाशन गरे । मोफसलमा प्रकाशित र हल्ला नभएका कृति थप होलान् । तर, गुणस्तरीय किताब र तिनको हल्लाखल्लाअनुसार जति किताब बिक्री हुनुपर्थ्यो, त्यति नभएको प्रकाशक र वितरकहरू बताउँछन् ।

यसैगरी, नेपाली साहित्यको पठन कम हुनुमा भाषालाई पनि कारण मान्छन् प्रकाशकहरू । 'हाम्रा विद्यालयले अंग्रेजी भाषालाई सक्दो प्राथमिकता दिए । यसकारण विद्यार्थीले पनि नेपालीभन्दा अंग्रेजी किताब नै बढी रोज्छ,' बराल भन्छन्, 'यो नेपाली प्रकाशकलाई थ्रेट पनि हो । अंग्रेजीमा धेरै विकल्प छन् । एक होइन, अनेक माध्यम छन् । तर, नेपालीमा नेपालीबाहेक अर्को विकल्प छैन । यसकारण पनि साहित्यको बजार खुम्चिएको हुन सक्छ ।'

खड्काको आशय पनि यस्तै छ । 'नेपालमा अंग्रेजी भाषामा छापिएको पुस्तक पढ्ने जमात छ । त्यो सधैं मौन छ । इच्छा लागेको किताब खरिद गरेर पढ्छ । अर्को गैरआख्यान पढ्ने जमात छ, जसले आख्यान खासै छुँदैनन् । तर, त्यो संख्या न्यून छ ।'

प्रविधिको समान भूमिका

हिजोआज प्रविधि हाम्रो सामान्य दैनिकीजस्तै बनेको छ । समाचार हेर्न, पढ्न, सूचना संकलन गर्न, तथ्यांक र ज्ञान थाहा पाउन पनि प्रविधि छरितो र भरपर्दो माध्यम बनेको छ । प्रविधिका अनेकन् प्लेटफर्म आम्दानीको गतिलो स्रोतसमेत बनेका छन् । तर, यही प्रविधिले बजारलाई हिर्काएको देखिन्छ ।

फेसबुक, युट्युब, इन्स्टा, टिकटकजस्ता सामाजिक सञ्जालको बढ्दो लोकप्रियताले नेपाली साहित्यका पाठक घटेको दाबी खड्काको छ । यसबारे बरालको समान धारणा माथि आइसकेको छ । यस्तै, अर्का प्रकाशक श्रेष्ठ पनि प्रविधिलाई पनि किताब बजारको कारण मान्छन् ।

'अधिकांश पाठकको समय सामाजिक सञ्जालले खायो, जसले गर्दा मान्छे क्षणिक कुरामा रमाउन थाल्यो,' सुवेदी सुनाउँछन्, 'अनि पढ्ने मान्छेको खडेरी पऱ्यो ।'

तर, नेपालयकी मास्के भने प्रविधिलाई सकारात्मक रूपमा लिन्छिन् । 'कोभिडका बेला धेरैको विकल्प डिजिटल प्लेटफर्म अर्थात् प्रविधि बन्यो,' उनी भन्छिन्, 'त्यसैलाई मध्यनजर गर्दै नेपालयले डिजिटल प्लेटफर्ममा इबुक उपलब्ध गरायो । बिक्री पनि राम्रो भयो ।'

किताब बिक्रीमा प्रविधिलाई दोष दिन नहुने पौडेलको पनि धारणा छ । 'अमेरिकामा पनि किताब बिक्री भएका छन् । प्रविधि मात्रै कारण होइन । हामी अरूलाई मात्रै दोष दिन्छौं । एकचोटि आफैंतिर फर्केर पनि हेर्नुपर्छ । कतै हामीले राम्रो किताब प्रकाशन गर्न पो सकेनौं कि ?'

प्रविधिले गलत नै गरेको हो त ? भन्ने प्रश्नमा वितरक रेग्मी भन्छन्, 'प्रविधिले गलत नै गरेको छ भन्न सकिँदैन । मान्छेले विभिन्न माध्यमबाट सूचना लिइरहेका छन् । मैले पनि परम्परागत शैलीभन्दा प्रविधिको सहारा लिएँ । फलतः मेरो व्यापार राम्रै छ । तर, यो पनि क्षणिक हो भन्नेमा ढुक्क छु ।'

दसैंको छेकोमा सार्वजनिक भएको सुबिन भट्टराईको उपन्यास 'इजोरिया'ले बजारलाई आर्थिक रूपमा चलायमान बनाएको फाइन प्रिन्टका प्रकाशक बराल मात्रै होइन, अन्य प्रकाशक, वितरक र विक्रेता पनि बताउँछन् ।

वितरक रेग्मी सुस्त बजारलाई 'इजोरिया'ले चलायमान बनाएको बताउँछन् । किताब व्यवसायी सापकोटा पनि सोही किताबले बजारलाई लयमा फर्काएको स्वीकार गर्न कन्जुस्याइँ गर्दैनन् ।

पठन संस्कृति र सुधार

पठन संस्कृतिको विकास हुन नसक्नुमा भाषाको तगारो, पढ्ने युवाको पलायन, सामाजिक सञ्जाल, लोकप्रियता आदि पक्ष होलान् । तर, यी मात्रै मूलभूत कारण भने होइनन् । बजारलाई चलायमान बनाइराख्न पठन संस्कृतिको विकास हुनुपर्छ । र, त्यसका लागि हाम्रो स्कुलिङ सही हुनुपर्छ ।

वितरक रेग्मीको भनाइअनुसार हाम्रो स्कुलिङ नै गलत छ । 'शिक्षकलाई कोर्सबाहेकका किताब किन आवश्यक छन् भनेर बुझाउन जरुरी छ । शिक्षकलक्षित अभियान पनि सञ्चालन हुनुपर्छ,' उनी भन्छन्, 'शिक्षकले किताबको महत्त्व बुझी विद्यार्थीलाई पनि बुझाउन सक्ने हो भने उनीहरू उत्प्रेरित हुन्छन् । पठन संस्कृति बढ्छ र किताबको बजार पनि विस्तार हुन्छ ।'

पठन संस्कृति बढाउन तल्लो तहदेखि नै कोसिस गर्नुपर्छ । सरकारले पनि त्यहीअनुसारको नीति ल्याउनुपर्छ । त्यसो त केही वर्षयता पुस्तकालयका लागि भनेर सरकारले निश्चित बजेट विनियोजन गर्दै आइरहेको छ । तर, त्यसको सही सदुपयोग भएको पाइन्न । 'कमिसनको चक्करमा किताब पठाइन्छ,' सुवेदीको भनाइ छ, 'र, पनि राम्रा किताब त्यहाँसम्म पुग्दैनन् । सरकारले बजेट त छुट्यायो तर अनुगमन हुन सकेन । यसको प्रभाव पठनमा देखियो । पठनको प्रभाव नै बजारको प्रभाव हो ।'

खड्काका अनुसार जबसम्म घरमा पढ्ने वातावरण बढ्दैन, स्कुल-कलेजमा कोर्सबाहिरका पुस्तक पढ्ने बानी बढ्दैन र सामुदायिक पुस्तकालय व्यवस्थित हुँदैनन्, तबसम्म नेपाली साहित्यको बजार व्यापारिक हिसाबले सबल हुन निकै गाह्रो छ ।

समग्रमा नेपाली साहित्य बजार कस्तो छ भन्ने सन्दर्भलाई माथिका विषय र प्रसंगले प्रस्ट्याउँछ । यो वर्ष मात्रै होइन, विशेषगरी कोभिड महामारीपछि नै किताबको बजार घटेको व्यवसायी बताउँछन् । तर, जसरी वसन्तमा नवपल्लव अंकुरित भएका छन्, त्यसैगरी सुखद बजारको आशा गर्नुको विकल्प छैन । मास्के भन्छिन्, 'हो, साहित्यिक बजारको अवस्था निराशाजनक छ । तर, आशा गर्न छोड्नुहुन्न ।'

> 'पठनको समय युट्युब, टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालले खाइदिए । मान्छेले सस्ता विषयमा निःशुल्क कन्टेन्ट हेर्न, पढ्न पाए । त्यहाँ किताबबारे छलफल र विचार-विमर्श हरायो ।'









बंगलादेश र कविताको साइनो

सत्तामा बस्नेहरू किन कवि र कविता मनै पराउँदैनन् ? बंगलादेश पुगेर अझै राम्रोसँग महसुस गरैं ।





इन्दु थारू
indutharu1@gmail.com

अनुभूति

अन्याय, अत्याचार, उत्पीडनविरुद्ध खरो उत्रिएर सामाजिक परिवर्तनका लागि कविता सधैं अग्रपंक्तिमा रहँदै आएको छ । त्यसमा पनि बंगलादेशीले मातृभाषाको कविता आन्दोलनका कारण बंगलादेश एक स्वतन्त्र राष्ट्र हुन सकेकोमा विश्वास गर्छन् । सन् १९५१ मा बंगाली मातृभाषालाई आधिकारिकता दिन भनी गरिएको आन्दोलन कविताबाट सुरुवात भएको थियो । र, आज पनि त्यही विरासतलाई निरन्तरता दिँदै राष्ट्रिय कविता परिषद्ले प्रत्येक वर्ष फेब्रुअरी १ र २ मा राष्ट्रिय कविता उत्सवको आयोजना गर्दै आएको छ ।

बंगलादेश कविताको हब नै हो । यो कुरा मैले बंगलादेशको कविता उत्सवमा उपस्थित भएर महसुस गर्ने अवसर पाएँ । यस वर्षको राष्ट्रिय कविता महोत्सवमा नेपालबाट मलाई आमन्त्रण गरिएको थियो, मातृभाषाको कविता प्रस्तुत गर्नका लागि । हामीले आफ्नो आमाबाट विरासत पाएको भाषा वास्तवमा हाम्रो हृदयको सबैभन्दा नजिकको भाषा हो । राम्रोसँग बुझ्ने भाषा हो मातृभाषा । पीडा, आशा, आकांक्षा, आनन्द, हाँसोलाई स्पष्ट व्यक्त गर्न मद्दत गर्ने भाषा हो मातृभाषा । योभन्दा अधिक सुन्दर र प्राकृतिक के हुन सक्छ ?

कविता उत्सवको पहिलो दिन अर्थात् फेब्रुअरी १ मा कविता मार्चपास गरियो । त्यसपश्चात् आयोजकका अध्यक्ष, विदेशी पाहुना कवि र स्वदेशी कविहरूलाई मञ्चमा राखेर बंगाली भाषामा कुनै गीत गाइयो, सायद गौरवको गीत । एकैछिनमा अर्को गीत सुरु भयो । गीतको तालमा नाच्ने कलाकारले आफ्नो प्रस्तुति पस्किँदै थिए । नाच हेरेर ठम्याउन गाह्रो थिएन कि उक्त नाच क्रान्तिकारी नाच थियो र गीत क्रान्तिकारी थियो ।

गीत र नाचको कार्यक्रम सकिएपछि मञ्चमा केही कवि पालैपालो माइकमा केही बोल्दै थिए । सबैले आफ्नो मातृभाषा बंगालीमै बोलिरहेका थिए । ध्यानपूर्वक सुने कुनै-कुनै शब्द बुझिन्थ्यो, तर समग्र भाव बुझ्न भने सम्भव थिएन । बंगालीमा बोलिने सबै कुरा अनुवाद गरिदिने साथी पनि थिएन । मैले मनमनै अनुमान लगाएँ, पालैपालो सबैले कविता वाचन गर्नुपर्ने होला । त्यसैले मनमनै तयारी गर्नलाई आफ्नो मोबाइलमा भएको कविता पढे । तर, आयोजकमध्ये एकजनाले आएर मेरो कानमा खुसुक्क भने कि यसपछिको पालो मेरो हो र आज कविता सुनाउने होइन, आफ्नो विचार राख्ने हो । जस्तो, कविता किन र कहिलेदेखि लेख्न थालेको हो ? यहाँ आएर कस्तो लागेको छ ? यस्तै-यस्तै ।

त्यो सुनेर म झसंग भएँ । एक्कासि के बोल्ने, सोच्नलाई समयनै थिएन । तर, कवितासँग जोडिएको मेरो अनुभवको विषय आउँदा मैले सबैभन्दा पहिले सम्झिने मेरो बाबालाई हो । बाबाको कविताहरू सानो हुँदा मैले बहुत पढ्ने गर्थें, जोरजोरले कराएर । मलाई कवितामा लय हाल्न आउँदैनथ्यो । पढ्न मात्रै आउँथ्यो । बाबाले प्रकाशन गर्ने थारू भाषाको किताब 'मुक्तिक डगर'मा छापिएका कविताहरू अनगिन्ती पटक पढ्थें ।

पछि जनयुद्धको समयमा हाम्रा लागि समय प्रतिकूल बन्दै गएपछि मेरो हजुरआमा र आमाले सबै किताब माटोमुनि गाड्नुभयो । घरमा 'मुक्तिक डगर' भेट्टाएपछि मेरो हजुरबुबालाई गिरफ्तार गरियो र मरणासन्न हुने गरी कुटियो । राम्रो उपचारको अभावमा हजुरबुबाको मृत्यु भयो । त्यसपछि हाम्रो स्कुलको किताबबाहेक जति पनि किताब घरमा थिए, सबै माटोमुनि गाडिए । केही जलाइए ।

हजुरबुबाको मृत्यु हुँदा घरमा आफन्त कम, सेना-प्रहरी ज्यादा हुन्थे । घर सधैं सेना-पुलिसले घेरिएकाले बाबा घर आउन पाउनुभएन । तर, उहाँले हजुरआमाका लागि एउटा चिठी पठाउनुभयो । चिठीभित्र चिठी थिएन, कविता थियो ।

'डाइ टु रोउ मने आस ना गिराऊ
आस गिराके दुस्मन हे खुसी ना बनाऊ ।'

अर्थात् आमा तिमी रुनू तर आँसु नझार्नू तिम्रो आँसु देखे भने दुस्मन खुसी हुनेछन् । तिमी हाँसोको पात्र बन्न हुँदैन आमा ।'

त्यो कविता कसैले होसियारीसाथ लुकाएर हाम्रो घरसम्म ल्याएको थियो । कसैलाई सुइँको नदिई बिस्तारै पढेर हजुरआमालाई सुनाइएको थियो । त्यसपछि त्यो कविता जलाइयो या गाडियो, मलाई राम्ररी याद छैन ।

मेरो बाबाले प्रकाशन गर्नुभएको थारू भाषाको पहिलो गजलसंग्रह 'चोराइल मन' अहिले एकप्रति पनि भेटिन्न । जजसको हातमा 'चोराइल मन' पुगेको थियो, कसैले जोगाउन सकेनन् । मैले लामो समयसम्म त्यो गजल संग्रह लुकाएर राखेको थिएँ । तर, राज्यको ज्यादती बढ्दै गएपछि त्यो पनि माटोमुनि गाड्न विवश भयौं हामी ।

कविता लेख्ने सबैका आआफ्नै दृष्टिकोण हुन्छन् । राजा-महाराजा अथवा महारानीका गुणगान गाइएका कविता लेख्नेहरू पनि छन् । जसका कविता कविता कम, गुलामी ज्यादा लाग्छन् । कस्तो कविता लेख्ने भन्ने कुरा हाम्रो विचार कस्तो छ, हामी कुन वर्गलाई प्रतिनिधित्व गर्छौं, हामी कुन समुदायलाई प्रतिनिधित्व गर्छौं भन्ने कुराले ज्यादै ठूलो अर्थ राख्छ । विलासितामा बाँचेको मान्छेले अवश्य पनि कवितामा विलासिता खोज्छ, कवितामा रमाइलो खोज्छ । अभावमा गुज्रिएको मान्छेको चेतले कवितामा विद्रोह खोज्छ, क्रान्ति खोज्छ ।

विभेदकारी राज्यसत्ताको विरोध गर्न कविता एक लोकप्रिय र सशक्त कलाको रूप हो । नागरिक आन्दोलन, महिला मुक्ति आन्दोलन र हरेक प्रकारका विभेदका विरुद्ध आन्दोलन गर्न कविताले पर्याप्त कमाण्ड गर्न सक्छ । कविताले अमानवीय शक्तिहरूमाथि धाबा बोल्न सक्छ । यसले गम्भीर सत्यहरूलाई उजागर गर्दै प्रतिरोधी मोर्चाहरूको निर्माण गर्न सक्छ ।

उता बंगलादेशको पनि कवितासँगको साइनो निकै बलियो रहेको छ । बंगलादेशलाई एक स्वतन्त्र राष्ट्रको कल्पना गर्दै पहिलोपटक कविताको माध्यमबाट आन्दोलन भएको थियो । सन् १९५२ मा पाकिस्तानको तानाशाही शासनले उर्दू मात्रै पाकिस्तानको राज्यभाषा हुने घोषणा गऱ्यो । अरू मातृभाषामाथि प्रतिबन्ध लगायो । सरकारको यस्तो अलोकतान्त्रिक निर्णयको बंगालभरि विरोध भयो । बंगालीभाषीको बहुमत बलियो हुँदाहुँदै पनि सरकारले निःशस्त्र शान्तिपूर्ण प्रदर्शनकारीमाथि गोली चलायो । धेरै विद्यार्थी र नागरिकले आफ्नो मातृभाषाका लागि जीवन बलिदान दिए । पछि बंगलादेशको सरकारले आन्दोलनका क्रममा पाँचजना सहिद भएको पुष्टि गऱ्यो । उनीहरूले मातृभाषाप्रतिको प्रेमको वीरकथा आफ्नो रगतले लेखे । उनीहरूले आफ्नो रगतले लेखे- मलाई मेरो मातृभाषाको माया छ ।

त्यसकारण, बंगलादेशीलाई कविताको शक्तिमा अति धेरै विश्वास छ । कविता एक सशक्त आन्दोलनको माध्यम बन्न सक्छ र त्यसले अत्याचारी शासनबाट मुक्ति दिलाई राष्ट्र स्वतन्त्र हुन सक्छ भन्नेमा पूर्ण विश्वास छ । कविता उत्सवको आयोजकले मात्र होइन, मैले भेटेका सबै बंगलादेशीहरू कवितामा अति आस्थावान् देखैं । कवि भनेपछि उनीहरू हुरुक्कै हुने ।

> बंगलादेशीलाई कविताको शक्तिमा अति धेरै विश्वास छ । कविता एक सशक्त आन्दोलनको माध्यम बन्न सक्छ र त्यसले अत्याचारी शासनबाट मुक्ति दिलाई राष्ट्र स्वतन्त्र हुन सक्छ भन्नेमा पूर्ण विश्वास छ । मैले भेटेका सबै बंगलादेशीहरू कवितामा अति आस्थावान् देखैं । कवि भनेपछि उनीहरू हुरुक्कै हुने ।



कविताको प्रसंग आएपछि लेख्न बस्दा धेरै कुराहरू याद आएर पनि कविता उत्सवमा मैले सबैभन्दा पहिले बाबालाई नै सम्झें । मेरो बाबाको कविताहरूले मलाई कसरी सोच्न बाध्य बनाए, लेख्न बाध्य बनाए, र म किन बाबाको विचारलाई पछ्याउँदै बाबाको विरासतलाई जीवित राख्न चाहन्छु मलाई याद आए सबै-सबै । मेरो बाबाले आफ्ना कविताका माध्यमबाट क्रान्ति गर्नुभयो । जसमा वर्गीय, जातीय भेदभाव, सांस्कृतिक दमन, दास प्रथा र यी सबै भेदभाव उन्मूलन गरी सुन्दर समाजको निर्माणका लागि कविता लेख्नुभयो । त्यो युग दमनको युग थियो र त्यो समयका सबैभन्दा विभाजित समस्यालाई सम्बोधन गर्ने कविताको रचना गर्नुभयो । सीमान्त बनाइएको भाषामा सीमान्तहरूको जीवन अनुभवलाई उजागर गर्न काव्यात्मक लडाइँलाई उपकरण बनाउनुभयो ।

बाबाको कविताहरू मानवताबाट अलग गर्न प्रयास गर्ने कुनै पनि कुराको प्रतिरोध गर्ने प्रेरणा र शक्तिको स्रोत बने मेरा लागि । प्रतिरोध के हो र कस्तो देखिन सक्छ भन्नेबारेको बुझाइलाई विस्तार गर्न मलाई मद्दत गरे । संसारका रोगहरूसँग शब्दले लड्ने लडाइँ जारी राख्न सधैं प्रेरणा दिइरहे ।

कविताले राज्यको फासिस्ट चरित्रको विरुद्धमा ऐक्यबद्धताको आधार सिर्जना गर्छ । त्यसकारण कवि र कविताहरू आन्दोलनका उपज हुन् । कवितामा कति धेरै शक्ति हुन्छ भन्ने कुरा कविता उत्सवले मलाई भित्रैदेखि महसुस गरायो । मैले मेरा बाबाका कविताहरू माटोमुनि गाडिएको र जलाएकोबारे पुनः स्मरण गरैं । आखिर शक्तिशाली शासकहरू किन कविता देख्न चाहँदैनन् ? सुन्न चाहँदैनन् ? किन कविता नष्ट पार्न चाहन्छन् ? भनै राम्रोसँग महसुस गरैं ।

ओहो कविता कहाँ कविता मात्र हो र ! कविता त शक्ति रहेछ । त्यसैले एक बन्दुकधारी शासक कवितादेखि डराउँछ ।

बैंकको जागिर छाडेर ‘कृष्ण पाउरोटी’ सम्हाल्दै नातिनीहरू



प्रज्ञा सृष्टी पूजा

बुबा घनश्यामले उनीहरूलाई भनेका थिए- **तलब लिने होइन, दिने काम गर**

शान्ति तामाङ
thingshanti@gmail.com

उद्यम

काठमाडौंको कमलपोखरी र कृष्ण पाउरोटी पर्याय हो भन्दा फरक नपर्ला । किनभने कमलपोखरीसँगै जोडिए आउने अर्को नाम हो कृष्ण पाउरोटी । राणा शासन अस्ताउन लाग्दा वि.सं. २००५ सालमै कृष्णबहादुर राजकर्णिकारले ‘कृष्ण पाउरोटी भण्डार’ नेपाल भित्र्याएका थिए । ७५ वर्षको इतिहास बोकेको कृष्ण पाउरोटीले राणा शासन, पञ्चायत, बहुदल र गणतन्त्रसम्म देख्यो । बदलिँदो समयको साक्षी बनेको कृष्ण पाउरोटी अहिले कृष्णबहादुरका नातिनीहरू प्रज्ञा, सृष्टि र पूजा राजकर्णिकारले हाँकिरहेका छन् ।

कृष्णबहादुरले ७५ वर्षअघि सुरु गरेको कृष्ण पाउरोटी भण्डारको जिम्मा अहिले उनका कान्छा छोरा घनश्याम राजकर्णिकारको पाँचमध्ये तीन छोरीहरूको काँधमा आएको छ । बैंकिङ करियरलाई चटक्कै छोडेर तीन दिदीबहिनीले पुस्तैनी व्यवसाय धान्न थालेका छन् । प्रज्ञा ‘इन्टरनेसनल लिजिङ एन्ड फाइनान्स’मा शाखा प्रमुख थिइन् । ‘ग्लोबल आइएमई बैंक’मा अधिकृत थिइन् सृष्टि । त्यस्तै पूजा तत्कालीन ‘सिभिल बैंक’मा अधिकृतस्तरको जिम्मेवारीमा थिइन् । अहिले तिनैजनाले जागिर छाडेर हजुरबुबाले स्थापना गरेको कृष्ण पाउरोटीलाई अगाडि बढाउन लागिपरेका छन् । छोरीहरूले सम्हाल्नुअघि कृष्णबहादुरका छोरा घनश्यामले कृष्ण पाउरोटी सम्हालिरहेका थिए । छोरीहरूले सम्हालिसकेपछि अहिले ६ ठाउँमा यसका शाखाहरू विस्तार भएका छन् । कमलपोखरीमा दुई र ललितपुरका चार ठाउँ(भैंसेपाटी, हात्तीवन, इमाडोल, खुमलटार)मा कृष्ण पाउरोटी भण्डारको शाखा विस्तार भएको छ ।

यी तीन दिदीबहिनी कसैको दबाबमा पुस्तैनी व्यवसाय सम्हाल्न फर्किएका भने होइनन् । जागिरे जीवनकै रमाइरहेका वेला सबैभन्दा पहिला सृष्टि, प्रज्ञा हुँदै चार वर्षअघि मात्र पूजा कृष्ण पाउरोटी भण्डारसँग जोडिएकी हुन् । हामीले भेट् नेबित्तिकै सोध्यौं, ‘आकर्षक सुविधासहितको जागिरे जीवन छोडेर पुस्तैनी व्यवसायतर्फ किन मोडिनुभयो ?’ तीनैजनाको सरल जवाफ थियो, ‘बुबापछि को भन्ने भयो । त्यसैले आफ्नै व्यवसायलाई अगाडि लैजाऔं भनेर हामी फर्कियौं ।’

तीन दिदीबहिनीमध्ये सबैभन्दा पहिला सृष्टि पुस्तैनी व्यवसायमा फर्किएकी थिइन् । अमेरिकामा एमबिए अध्ययनपश्चात् सृष्टिले बैंक अफ अमेरिकामा एक वर्ष कामसमेत गरिन् । त्यसपछि नेपाल फर्किएकी उनले ग्लोबल आइएमई बैंकमा तीन वर्ष काम गरेपछि कृष्ण पाउरोटीमै आबद्ध भइन् । ‘बुबाले पहिला कहिले पनि पढिसकेपछि आफ्नै व्यवसायमा आउनुपर्छ भन्नुभएन । तिमीहरू जे गर्नु छ गर भनेकोले सजिलो पनि भयो । बुबाले दबाब दिनुभएको भए हामीले दबाबमा काम गर्नुपर्थ्यो । हाम्रो इच्छा हुन पनि सक्थ्यो, नहुन पनि । अहिले हामी आफ्नै इच्छाले यो काममा फर्किएका हौं,’ सृष्टिले भनिन् । करिब १२ वर्षदेखि उनी पुस्तैनी व्यवसायमा रमाइरहेकी छिन् ।

१३ वर्ष बैंकिङ क्षेत्रमा बिताएकी प्रज्ञालाई सुरुदेखि नै आफ्नो खुट्टामा उभिन मन थियो । त्यसैले भारतको पुनेबाट व्यवस्थापनमा स्नातक गरेर फर्केपछि बैंकमै काम गरिन् र अनुभवले खारिएपछि कृष्ण पाउरोटीलाई अगाडि बढाउन लागिन् । ‘मलाई पढिसकेपछि पहिला आफ्नो खुट्टामा आफैं उभिन्छु भन्ने थियो । पढेर आएर बुबाको अन्डरमा काम गरिहाल्न मन थिएन । म केही गरेर देखाउँछु । त्यसपछि हेर्रौं भन्ने थियो । त्यसपछि म बैंकिङ क्षेत्रमा लागैं । १३ वर्ष काम पनि गरैं,’ प्रज्ञाले भनिन्, ‘बुबाले कृष्ण पाउरोटीमा म पछि को भन्नुभयो ? बैंकिङ क्षेत्रमा बटुलेको अनुभवले पनि आत्मबल बढायो । त्यसपछि बैंकिङ क्षेत्र छोडेर यता आएँ ।’

चार वर्षअघि मात्र कृष्ण पाउरोटीमा प्रवेश गरेकी पूजा आफ्नै क्षेत्रमा रमाइरहेकी थिइन् । थाइल्यान्डबाट मास्टर इन टेक्नोलोजी म्यानेजमेन्ट पढेर फर्केपछि पढाइअनुसार नै काम गर्न थालेकी थिइन् । उनी बैंकमा काम गरिरहँदा दुई दिदीले कृष्ण पाउरोटी धानिरहेका थिए । त्यही वेला बुबा घनश्यामले उनलाई भने, ‘तलब थाप्ने होइन, तलब दिने काम गर ।’ यसपछि उनी पनि अरू दुईदिदीजस्तै कृष्ण पाउरोटीमा आबद्ध हुन पुगिन् । ‘बैंकिङ क्षेत्रमा टेक्नोलोजी डिपार्टमा मेरो काम थियो । त्यहाँ म इन्जोय गरिरहेकै थिएँ,’ उनले भनिन्, ‘बुबाले पारिवारिक व्यवसाय तिमीहरूले नै हेर्ने हो । त्यसैले किन आफ्नै व्यवसायतर्फ नआउने भन्नुभयो । त्यसपछि म पारिवारिक व्यवसायलाई निरन्तरता दिनुपर्छ भन्ने लागेर यता आएँ ।’

भएको राम्रो जागिर चटक्क छोडेर आएका उनीहरूलाई सुरुमा पुस्तैनी व्यवसाय अगाडि बढाउन कठिनै भयो । आफ्नो बुबाले अगाडि बढाइरहेको व्यवसाय घाटामा थियो । व्यवसायमा कुनै प्रणाली थिएन । पुरानै तरिकाबाट व्यवसाय अघि बढिरहेको थियो । कर्मचारीको मनोमानी थियो । भद्रगोल थियो व्यवसाय । उनीहरूका अनुसार व्यवसाय शून्यबाट सुरु भएको थियो । ‘सिस्टम थिएन । सामान कति आयो ? कति गयो ? को मान्छेले कति पैसा लग्यो नो रेकर्ड । जे थियो, बुबाको दिमागमा अटेको मात्र थियो,’ प्रज्ञाले भनिन्, ‘हामीले शून्यबाट बुबाको व्यवसाय सुरु गर्‍यौं । पहिला सिस्टम बसाल्यौं । सिस्टम त बसाल्यौं । तर, कसैलाई त्यसको बानी थिएन ।’ उनीहरूका अनुसार तीन दिदीबहिनी आएपछि आफ्नै तरिकाले काम गरिरहेका कतिपय कर्मचारीले जागिर छाडे । संस्थामा प्रणाली बसेपछि त्यसमा रमाउन सक्ने मात्रै बसे । व्यवसायलाई कम्प्युटराइज गरे । गुणस्तरलाई पहिलो प्राथमिकतामा राखे ।

> कृष्णबहादुरले ७५ वर्षअघि सुरु गरेको कृष्ण पाउरोटी भण्डारको जिम्मा अहिले उनका कान्छा छोरा घनश्याम राजकर्णिकारका पाँचमध्ये तीन छोरीहरूका काँधमा आएको छ । बैंकिङ करियरलाई चटक्कै छोडेर तीन दिदीबहिनीले पुस्तैनी व्यवसाय धान्न थालेका छन् ।

त्यसपछि उनीहरू शाखा विस्तारमा लागे । १० वर्षअघि बस्ती नै नभएको भैंसेपाटीमा शाखा विस्तार गर्दा बुबालाई सम्झाउनै कठिन भएको थियो । तर, छोरीहरूको लगनशीलताका कारण व्यवसाय एक वर्षमै फस्टायो । नाफाको ग्राफ बढ्न थाल्यो । ‘भैंसेपाटीमा शाखा खोल्दा बुबा एकदमै हिच्किचाउनु भएको थियो । कमलपोखरीमा सेन्टरमा पसल चलाइरहेको मान्छेलाई भैंसेपाटीको गाउँजस्तोमा खोलेर के फाइदा हुन्छ होला भन्ने उहाँलाई लागेको थियो । एक वर्षसम्म त्यहाँको आम्दानी हेर्नुभयो । वर्ष दिनमै फाइदा हुन थाल्यो । त्यसपछि छोरीहरूले भनेको ठिक रहेछ भन्ने भयो,’ प्रज्ञाले भनिन्, ‘उहाँलाई प्राइम लोकेसन न्युरोडमा मात्र व्यवसाय राम्रो हुन्छ जस्तो लागेको थियो । हामी उहाँले भनेकोभन्दा फरक तरिकाबाट गर्यौं । राम्रो गर्‍यौं ।’

त्यसरी सुरु भएको कृष्ण पाउरोटीले अहिले गुणस्तरलाई ध्यान दिन्छ नै । परिकारको संख्या पनि बढाएका छन् । सुरुमा कृष्णबहादुरले १२-१४ वटा पाउरोटी बनाएर काम सुरु गरेका थिए । घनश्यामले त्यसमा केही परिकार थपे । अहिले प्रज्ञा, सृष्टि र पूजाको टिमले केक, पेस्ट्री, कुकिज, बर्थ डे केकजस्ता आधुनिक बेकरीको परिकार पनि थपेका छन् । अहिले परिकार बनाउने सामग्रीसमेत हेरफेर गरेका छन् । जसले गुणस्तर कायम गर्न सहज बनाएको छ । ‘सुरुमा हामी आउँदा मैदाको उत्पादन थियो । गुणस्तरलाई त्यति ध्यान दिनुभएको थिएन । हामी आइसकेपछि गुणस्तरलाई प्राथमिकतामा राख्न थाल्यौं । मकै, आटा, फापर, कोदोको सामान बनाउन थाल्यौं,’ सृष्टिले भनिन्, ‘पहिला मानिसहरू स्वास्थ्यमा त्यति सचेत थिएनन् । अहिले एकदमै सचेत छन् । त्यसैले हामीले पनि सोहीअनुसारका परिकारहरू बनाउन थालेका छौं ।’

६ वटा शाखालाई अझै विस्तार गर्न उनीहरू लागि परेका छन् । तर, अर्थतन्त्रमा आएको गिरावट, पाउरोटीको निश्चित मूल्य निर्धारण नहुनेलगायत कारण उनीहरूले कुनै निर्णय गर्न सकेका छैनन् । ‘उपत्यकाबाहिर जानका लागि वर्कआउट भइरहेको छ । तर, अर्थतन्त्र डाउन छ । अहिले गाह्रै छ । कच्चापदार्थको भाउ बढेको बढ्दै छ । सरकारले बेकरी परिकारको गुणस्तरअनुसार मूल्य निर्धारण गरिदिए सजिलो हुन्थ्यो,’ प्रज्ञाले भनिन् । उनीहरूका अनुसार चिनी, अन्डा, दूधजस्ता कच्चापदार्थको मूल्यवृद्धि भइरहेको छ, त्यसैले सरकारले पाउरोटीको पनि उचित मूल्य निर्धारण गर्नुपर्छ ।

हाल पूजा कृष्ण पाउरोटी भण्डारको सोसल मिडिया र सफ्टवेरका काम हेर्छिन् । सृष्टिले भुक्तानीसँगै सामान के आयो, के गयोजस्ता पक्ष हेर्छिन् । प्रज्ञाले उत्पादन क्षेत्र हेर्छिन् । बजार व्यवस्थापनको पाटो तीनैजनाले मिलेर हेर्ने गरेका छन् । अहिले उनीहरूको भूमिका तलब लिनेबाट तलब दिनेमा फेरिएको छ । ‘बुबाले सधैं भन्नुहुन्छ । पैसा थाप्नु र दिनुमा फरक छ । हामीले त्यो बुझेका थिएनौं । काम गर्दै जाँदा बल्ल बुझ्यौं,’ पूजाले भनिन् । समाजमा अघिल्लो पुस्ताको विरासत धान्ने काम पुरुषको मात्रै हो भने जसरी व्याख्या गरिन्छ । तर, तीन दिदीबहिनी समाजको यो गलत भाष्यलाई चिर्न सफल भएका छन् । तीनैजना विवाहित र आमा उनीहरूले घरसँगै व्यवसाय पनि सफलतापूर्वक सञ्चालन गरिरहेका छन् ।

‘समाजले तपाईंलाई कहिले पनि सपोर्ट गर्दैन । आफैं बलियो हुनुपर्छ । आफूमा विश्वास गर्नुपर्‍यो । त्यति भएपछि तपाईंले जे पनि गर्न सक्नुहुन्छ,’ प्रज्ञाले भनिन् । सृष्टि भने घर र कृष्ण पाउरोटी दुवैलाई बराबर समय दिन सकेकाले आफूहरू सफल हुँदै गएको बताउँछिन् । ‘हामीले घरमा पनि समय दियौं । यहाँ पनि बराबर समय दियौं । समय व्यवस्थापन गर्नुपर्छ । घरको काम अफिसमा ल्याउँदैनौं । अफिसको काम घरमा लग्दैनौं । त्यसैले सफल हुँदै गएका छौं,’ उनले भनिन् । पूजा पनि परिवारबाट सहयोग भएकाले यो सम्भव भएको बताउँछिन् । अचेल उनीहरूले प्रशंसा र शुभकामना पाइरहेका छन् । ‘हामीले अहिलेसम्म सकारात्मक प्रतिक्रिया पाएका छौं । हजुरबुबाले राणाशासनकै वेला सोचेर सुरु गर्नुभएको व्यवसायलाई अगाडि बढाउन सक्यौं । डुबिसकेको कृष्ण पाउरोटीलाई उठाएर यहाँसम्म ल्याउन सक्यौं । खुसी लाग्छ,’ प्रज्ञाले भनिन् । अब उनीहरूका बुबा घनश्यामले कृष्ण पाउरोटीको सम्पूर्ण जिम्मा छोरीहरूलाई हस्तान्तरण गरेर आराम गर्ने सोच बनाएका छन् । जुन कुरा उनले भर्खरै प्रकाशित संस्मरण ‘कृष्ण पाउरोटी र कृष्णबहादुर राजकर्णिकार’ पुस्तकमा समेत उल्लेख गरेका छन् । बुबाबाट पूर्ण रूपमा जिम्मेवारी पाउनेसम्मको विश्वास जित्नु आफूहरूका लागि ठूलो उपलब्धि भएको प्रज्ञा बताउँछिन् । ‘पूर्ण रूपमा जिम्मेवारी पाउनुभन्दा पनि बुबाबाट विश्वास जित्न सक्नु नै ठूलो हो । हामीले उहाँलाई पूरै छोडेर रिटायरमेन्ट लिन भनेका छैनौं । मान्छेजति शारीरिक रूपमा क्रियाशील रहयो, स्वास्थ्य राम्रो हुन्छ,’ प्रज्ञाले भनिन् ।

अझै शाखा विस्तार गर्ने योजना बनाइरहेका उनीहरूले हाल गुणस्तरमा केन्द्रित भएर काम गरिरहेका छन् । ३० जनालाई रोजगारी दिइरहेका छन् । प्रज्ञाका अनुसार स्टाफहरूले काम छोड्ने गरेका छैनन् । अहिले भक्तपुरबाट समेत शाखा खोल्नुपर्‍यो भन्ने माग आइरहेको छ ।

कृष्ण पाउरोटीलाई सफल बनाइरहेका दिदीबहिनी भन्छन्, ‘व्यवस्थापन गर्दै जाने हो भने केही पनि गाह्रो छैन । छोरीले चाह्यो भने जे पनि काम गर्न सक्छन् ।’

समाजमा अघिल्लो पुस्ताको विरासत धान्ने काम पुरुषको मात्रै हो भने जसरी व्याख्या गरिन्छ । तर, तीन दिदीबहिनी समाजको यो गलत भाष्यलाई चिर्न सफल भएका छन् । तीनैजना विवाहित र आमा, उनीहरूले घरसँगै व्यवसाय पनि सफलतापूर्वक सञ्चालन गरिरहेका छन् ।

छोरीका नाममा



मसान उपासक

कविता

सपनाको समाधिबाट
निकाल्दै सपनाहरूकै जुलुस
एउटा लाचार छाया
बिस्तारै सहर पस्यो ।

छामेर भूगोल भरीभरी
नभेटेपछि मातृत्वको स्पर्श
अर्को मातृत्वहीन छाया पनि
बिस्तारै सहर पस्यो ।

नियालेर देहातका हरिया फाँटहरूमा
सर्दै गरेको जगे पिलर देखेपछि
अर्को देशभक्त छाया पनि
बिस्तारै सहर पस्यो ।

अलिक माथि पहाडतिरबाट
सिमाना सर्दै गरेको खबर आएपछि
अर्को क्रान्तिकारी छाया पनि
बिस्तारै सहर पस्यो ।
गाउँमा बलात्कृत भएकी चन्द्रावतीले
आत्महत्या गरेको साँझपछि
अर्को विद्रोही छाया पनि
बिस्तारै सहर पस्यो ।

सहर जानेहरू
उतै बिलाए, हराए र बाँचिरहे
तर भूगोल
कहिल्यै हराएन र मरिरह्यो ।

साँच्चि छोरी
तिमी सहर पुगेपछि
खोज्नु ती सबैसबै छाया
र बनाउनु
देशभित्र पनि एउटा देश
जहाँ अटाउन सकून् देश हराएकाहरू पनि ।

बकैया- ४, मकवानपुर

माफ गर प्रिय चन्द्रागिरि



उपेन्द्र तिमिल्सिना

प्रिय चन्द्रागिरि
वर्षौं पहिलाको तिम्रो रूप
झलझली याद आउँछ ।

भद्रबन्दीगृहबाट तिमीलाई
कैयौंपटक चियाउँदा
धित पुग्दैनथ्यो ।
साँझ होस् या बिहान
दिन होस् या रात
कहिले टोलाएर त
कहिले भोलि आउने
मनभरिको खुसी बोकेर
लुकीलुकी हेरेर टोलाउँथे !
तिम्रो प्राकृतिक काखमा
बस्न पाइरहुँझैं लाग्ने
चिरबिर चिरबिर आउने
आवाजसँगै
तिमीसँग
लुकामारी खेल्ने सपना
तिमी फुल्ने माटो र
उभिएको ढुंगामा सुस्ताउने
मेरो फगत
चाहना रहेछ !

प्रिय चन्द्रागिरि
तिम्रो अस्तित्व र सतित्व त
मान्छेहरूले बेचिसकेछन् !
तिम्रो मुटु त छियाछिया पारिएछ !
इच्छुकले लेखेको
बन्दी र चन्द्रगिरि पढेर-सम्झेर
उही भद्रबन्दीगृहबाट
लुकीलुकी हेरेको
त्यो चन्द्रगिरि
खै आज त !
मानव पाइलाले धुलिसात पारेछ !
अपसोच लाग्छ
मानवको जीवनरेखा बनेको
तिम्रो प्राकृतिक सौन्दर्य
बुट र कंक्रिटले कुल्चिएर
अपांग भइसकेछ !

प्रिय चन्द्रागिरि
सिंहदरबारले
न त तिमीलाई बचाउन सक्यो
न त भद्रबन्दीगृहबाट चिहाउने
म जस्तैहरूको
अभाव र सपनालाई
पूरा गर्न सक्यो !

खै चन्द्रागिरि
तिमी कसरी मलाई हेर्न सक्छ्यौ ?
म कसरी तिमीलाई चियाउनसक्छु ?
हो म दोधारमा परेको छु !
अलमलिएर रनभुल्लमा परेको छु !
माफ गर
मेरो प्रिय चन्द्रागिरि !

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २५ चैत ०७९

मलेसियामा करिब २० हजार गैरकानुनी नेपाली कामदार

तोकिएको कम्पनी छाडेर अन्य ठाउँमा काम गरेका कारण मलेसियाको नियमअनुसार १५ देखि २० हजार कामदार अवैध

मलेसियामा **मुना कुँवर**

बुटवलका मनबहादुर परियार विगत १६ वर्षदेखि मलेसियामा गैरकानुनी रूपमा काम गर्दै आएका छन् । सन् २००६ मा सिमेन्ट कम्पनीमा काम गर्नका लागि ९० हजार म्यानपावर कम्पनीमा बुझाएर ४१ वर्षीय परियार मलेसिया आएका थिए । श्रीमती, पाँच छोराछोरी र आमाको जिम्मेवारी पूरा गर्न मलेसिया छिरेका परियारलाई काम गर्न कठिन भए पनि उनी नेपाल फर्कन चाहँदैनन् । सोही कारण उनी अहिले कम्पनी छाडेर मलेसियामा नै लुकीछिपी काम गरिरहेका छन् । उनको पासपोर्ट पुरानै कम्पनीमा छ, भिसा पनि बाँकी छैन । त्यसैले उनी मलेसियाका लागि अवैध कामदार हुन् ।

यसबीचमा उनले पासपोर्ट र भिसा लगाइदिने भन्दै एजेन्टलाई पाँच हजार रिंगेट (एक लाख ४५ हजार) पनि बुझाए । लुकीलुकी काम गरेर जोगाएको पैसा पनि पासपोर्ट बनाइदिने भन्दै एजेन्टले खाइदिएको उनले गुनसो गरे । अहिले उनी तीन वर्षदेखि मलेसियाको एक कम्पनीमा सेक्युरिटी गार्डको काम गर्दै आइरहेका छन् । कम्पनीले उनलाई दुई हजार रिंगेट (५८ हजार रुपैयाँ) पारिश्रमिक दिएको छ । काखे छोराछोरी छाडेर परदेशिएका परियार अहिले हजुरबुबा बनिसके, तर कागजपत्र नभएकै कारण यसबीच उनी एकपटक पनि नेपाल फर्कन पाएका छैनन् ।

धादिङका पूर्ण तामाङ विगत आठ वर्षदेखि मलेसियामा गैरकानुनी रूपमा बस्दै आएका छन् । ३१ वर्षीय तमाङले गाउँकै एजेन्टलाई दुई लाख रुपैयाँ बुझाएका थिए । एजेन्टले उनलाई १२ सय रिंगेट (३४ हजार आठ सय रुपैयाँ) तलबमा मलेसिया पठाएको थियो । तर, मलेसियामा सम्झौताअनुसार काम नपाएको, ठूला-ठूला सामानको भारी उठाउन सकस भएको उनले बताए । तैपनि, उनी नेपाल फर्कन चाहेनन्, बरु काम गरेको सात महिनामा कम्पनी छाडेर भागे । अहिले उनीसँग न त पासपोर्ट छ, न त भिसा नै । यसबीचमा उनले विभिन्न ठाउँमा खेताला काम गरे । पछिल्लो पाँच महिनादेखि एक कम्पनीमा सेक्युरिटी गार्डको काम गरिरहेका छन् ।

मनबहादुर र पूर्ण मलेसियामा गैरकानुनी रूपमा बस्दै आएका नेपाली कामदारका प्रतिनिधि पात्र मात्रै हुन् । मलेसियामा हजारौँ संख्यामा नेपाली कामदार गैरकानुनी रूपमा बस्दै आएको प्रवासी नेपाली समितिका मलेसिया प्रतिनिधि पूर्ण सुब्बाले बताए । अधिकांश नेपाली कामदार बाध्यताका कारण मलेसियामा गैरकानुनी रूपमा बस्छन् । इलामकी मनमाया राई र दीपिका विश्वकर्मा क्लासिक म्यानपावरमार्फत मलेसियाको ग्लोब कम्पनीमा काम गर्न पुगे । तर, मलेसिया पुगेको तीन महिना पनि पूरा नहुँदै कम्पनी बन्द भयो । कम्पनीले उनीहरूलाई तीन महिनाको पारिश्रमिक दिएर बिदा गऱ्यो । तर, उनीहरू नेपाल फर्कन चाहेनन् । आएको तीन महिना पनि पूरा नहुँदै कसरी फर्कनु, घरपरिवारमा कसरी मुख देखाउने दीपिका विश्वकर्मा बताउँछिन् । अहिले उनीहरू मलेसियामा नेपालीले चलाएको रेस्टुरेन्टमा काम गर्छन् । प्रहरीले छापा मार्दा उनीहरू समातिन सक्छन् ।



मलेसियाको अध्यागमन विभाग



■ चार लाख नेपालीमध्ये २० हजार अवैध रहेको आकलन छ

● **पूर्ण सुब्बा**, प्रवासी नेपाली समिति, मलेसिया

तोकिएको कम्पनी छाडेपछि मलेसियाको नियमअनुसार यहाँ काम गर्न आएका कामदार गैरकानुनी बन्छन् । यसरी कागजपत्रविहीन भएर मलेसियामा १५ देखि २० हजार नेपाली कामदार अवैध भएको अनुमान गरेको छु । अहिले मलेसियामा नेपाली कामदारको संख्या करिब चार लाख रहेको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कम्पनी नछाड्न दूतावासको आग्रह

मलेसियमा रहेका नेपाली कामदारलाई आफूखुसी कम्पनी छाडेर नभाग्न मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले आग्रह गरेका छन् । कम्पनी छाडेर भागेपछि कामदार स्वतः अवैध हुने हुनाले दूतावासले पनि आवश्यक सहयोग गर्न नसक्ने उनको भनाइ छ । अवैध कामदारको अन्तिम अवस्थामा भने डिपोर्ट नै हो । अन्यथा लुकीलुकी काम गर्नुपर्ने हुन्छ । 'अवैध भएका कामदारलाई कामको समस्या नहोला, तर अवैध भएका कारण रोजगारदाताबाट शोषण हुन सक्छ । रोजगारदाताले भनेको समयमा पारिश्रमिक नदिन सक्छ । अन्य सुविधा नदिन सक्छ,' उनले भने । अवैध भएकै कारण उनीहरूले कानुनी उपचार नपाउने भएकाले कम्पनीले उचित पारिश्रमिक र सेवा-सुविधा नदिन सक्ने उनले बताए ।

यदि कुनै कम्पनीमा समस्या छ । कामदारले सम्झौताअनुसार सेवा-सुविधा पाएनन् भने कानुनी उपचार गर्न उनले सुझाए । आप्रवासी श्रमिकको हकमा पनि मलेसियन सरकारको नीति उदार छ । मलेसियन सरकारले कामदारलाई सहज होस् भनी मोबाइल एप पनि निर्माण गरेको छ । कामदारले मोबाइल एपमार्फत मलेसिया श्रम अदालतमा उजुरी पनि दिन सक्छन् । तसर्थ, समस्या भयो भने कम्पनी छाडेर भाग्नुभन्दा पनि पहिला मलेसियन सरकारबाट नै कानुनी उपचार खोज्न उनले आग्रह गरे ।

■ मलेसियामा कस्ता कामदार गैरकानुनी हुन्छन् ?

मलेसिया सरकारले आप्रवासी कामदारका लागि पहिलोपटक दुई वर्षको भिसा दिन्छ । कामदार र रोजगारदाताको सहमतिमा भिसा अवधि लम्ब्याउन सकिन्छ । तर, भिसा अवधि समाप्त हुनुअगावै कम्पनी छाडेर अन्य स्थानमा काम गर्न थालेमा गैरकानुनी मानिन्छ । प्रहरीको अनुगमनमा भेटिएमा यस्ता कामदारलाई प्रहरीले कम्तीमा १४ दिन हिरासतमा राख्छ । त्यसपछि डिटेन्सन क्याम्पमा पठाउँछ । डिटेन्सन क्याम्पमा ९० दिनसम्म राखिन्छ ।

९० दिनपछि प्रहरीले दूतावासलाई खबर गर्छ । सम्बन्धित कामदारको आफन्त वा साथीभाइ दूतावासको सम्पर्कमा आएमा दूतावासले ट्राभल डकुमेन्ट बनाइदिन्छ । कामदारको परिवारले नै टिकट काटेमा मात्रै कामदार नेपाल फर्कन पाउँछ । डिटेन्सन क्याम्पमा रहेका कामदारका आफन्तले सोधखोज गरेनन् भने यस्ता कामदार महिनौं डिटेन्सन क्याम्पमा नै बस्नुपर्ने अवस्था आउने प्रवासी समितिका प्रतिनिधि पूर्ण सुब्बाले बताए । तर, कहिलेकाहीं मलेसियन सरकारले रिक्यालिब्रेसन कार्यक्रम सञ्चालन गरी यस्ता कामदारलाई वैध हुन पाउने अवसर पनि दिन्छन् । यसका लागि रोजगारदाताले सो कामदारलाई नियुक्त गर्न चाहेको व्यहोरासहितको पत्र दिनुपर्छ । त्यसैका आधारमा कामदार वैध बन्छन् ।

कामदारका लागि अर्को विकल्प भनेको दूतावासमा गएर आफूलाई नेपाल फर्काइदिन निवेदन दिने हो । कामदारको निवेदन सन्तोषजनक भएमा दूतावासले ट्राभल डकुमेन्ट बनाइदिन्छ । ट्राभल डकुमेन्टका लागि कामदारले दुई सय २० रिंगेट (६ हजार तीन सय ८० रुपैयाँ) भुक्तानी गर्नुपर्ने हुन्छ । साथै, मलेसियन इमिग्रेसनमा जरिवाना तिर्नुपर्छ । कामदार ६ महिनादेखि गैरकानुनी रूपमा बस्दै आएको छ भने ११ सय रिंगेट (३१ हजार नौ सय रुपैयाँ) भुक्तानी गर्नुपर्छ । एक वर्षदेखि गैरकानुनी छ भने २१ सय रिंगेट (६० हजार नौ सय रुपैयाँ) भुक्तानी गर्नुपर्छ भने सो अवधिभन्दा बढी समय अवैध भएको भएमा ३१ सय रिंगेट (८९ हजार नौ सय रुपैयाँ) भुक्तानी गर्नुपर्ने हुन्छ ।

यसबाहेक कुनै कामदारले एजेन्टको प्रयोग गरी भिसा लगाउने गर्छन् । कुनै ठूलो कम्पनीमा सेटिङ मिलाएर पनि कामदारले भिसा लगाउन सक्छन् । तर, यसका लागि कामदारले ठूलो रकम बुझाउनुपर्छ । भिसा लगाएबापत कामदारले चार हजार रिंगेटसम्म (एक लाख १६ हजार) मलेसियन सरकारलाई शुल्क भुक्तानी गर्नुपर्छ । त्यसबाहेक एजेन्सीलाई कमिसन बुझाउनुपर्ने हुन्छ । सामान्यतया कामदारले ६ हजार रिंगेट (एक लाख ७४ हजार रुपैयाँ)सम्म भुक्तानी गरेपछि मात्रै भिसा पाउँछन् ।

अर्थमन्त्री र युरोपियन युनियन राजदूत एमएस नोनीबीच भेट

नयाँ पत्रिका
काठमाडौं, २४ चैत



अर्थमन्त्री डा. प्रकाशशरण महत र युरोपियन युनियनका राजदूत एमएस नोनी डिपरेजबीच भेटवार्ता भएको छ । शुक्रबार अर्थ मन्त्रालयमा भएको भेटमा युरोपियन युनियनबाट प्राप्त सहयोगको समीक्षा र नेपाललाई थप सहयोग गर्नेबारे छलफल भएको हो ।

गुणस्तरीय शिक्षा, मौसम परिवर्तन र नवीकरणीय ऊर्जाको क्षेत्रमा युरोपियन युनियनले सहयोग उपलब्ध गराइरहेको छ । युरोपियन रिकन्स्ट्रक्सन बैंक नेपालमा काम गर्न इच्छुक रहेको अर्थमन्त्री डा. महतले बताए । युरोपियन युनियनको सहयोग नेपालका लागि महत्त्वपूर्ण रहेकाले ऊर्जा, भौतिक पूर्वाधार निर्माण गरेर पर्यटकीय क्षेत्रको विकास गर्न नेपालले चाहेको विषयमा छलफल केन्द्रित रहेको डा. महतले जानकारी दिए ।

समन्वयको दायरा फराकिलो बनाउँदै दक्ष मानवीय जनशक्ति उत्पादनको क्षेत्रमा सहयोग गर्न युरोपियन युनियन उत्साहित भएको मन्त्री डा. महतको भनाइ छ ।

■ एनआरएनएसँग भेट

शुक्रबार नै अर्थमन्त्री डा. महतले गैरआवासीय नेपालीसँग पनि भेटवार्ता गरेका छन् । भेटमा एनआरएनएका प्रतिनिधिले ज्ञापनपत्रमार्फत आफ्ना समस्या राखेका थिए ।

एनआरएनएका अध्यक्ष डा. बद्री केसीले लगानीमैत्री वातावरण, नागरिकताको निरन्तरतालगायतका समस्याहरू राखेका थिए । विशेष गरी राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको नागरिकता प्रकरणपछि केही जटिलता आएको स्मरण गर्दै मन्त्री डा. महतले एनआरएनएको नागरिकताको हकमा संविधानमा भएको व्यवस्थालाई छिटो कार्यान्वयनमा नल्याउँदा व्यावहारिक कठिनाइ भएको बताए ।

भेटमा डा. महतले नेपालमा लगानीको समस्या रहेको र सरकार जहिल्यै एनआरएनएको साथमा रहेको बताए । उनले भने, 'सरकारले एनआरएनएलाई निराश हुने गरी काम गर्दैन, लगानी गर्न चाहने साथीहरूले कुनै कारणबाट निरुत्साहित हुनुपर्दैन ।' लगानीमैत्री वातावरणमा समस्या भए आर्थिक ऐनमार्फत सम्बोधन गरिने मन्त्री डा. महतले आश्वासन दिए । भेटमा एनआरएनए संस्थापक महासचिव भीम उदास, वर्तमान कोषाध्यक्ष कृष्ण तिमल्सिना, पूर्वउपाध्यक्ष रामेश्वर साह, सोनाम लामा, एनआरएनए युकेका पूर्वअध्यक्ष योगेन क्षेत्रीलगायत दर्जनभन्दा बढी सहभागी थिए ।

मधेसमा पहुँच बढाउने गरी काम गर्न बिमा कम्पनीलाई निर्देशन

काठमाडौं/ नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले कारोबार कम भए पनि बिमाप्रतिको विश्वसनीयता कायम हुने गरी बिमा व्यवसाय गर्न बिमा कम्पनीहरूलाई निर्देशन दिएका छन् । नेपाल बिमा प्राधिकरणको आयोजनामा मधेस प्रदेशका बिमकहरूका प्रदेश तथा शाखा कार्यालयका प्रमुख र कर्मचारीहरूसँग बिहीबार भएको अन्तर्क्रियामा उनले पहुँच बढाउन निर्देशन दिएका हुन् ।

नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी (निप्स), वीरगन्जका पदाधिकारीहरूसँग भएको छलफलमा नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले वित्तीय जोखिमाङ्कनमा सुधार गर्न र व्यावसायिक दक्षताका साथ काम गर्न निर्देशन पनि दिए । 'मधेस प्रदेशमा बिमाको पहुँच ८ प्रतिशत मात्र छ । मधेसमा बिमाको पहुँच बढाउन बिमा कम्पनीहरू नयाँ ढंगले अगाडि बढ्नुपर्‍यो । योग्य र दक्ष बिमा अभिकर्ताका माध्यमबाट बिमा व्यवसाय गर्नाले बिमाको पहुँच बढ्छ, त्यसतर्फ ध्यान दिनुपर्‍यो,' उनले भने, 'बिमा गरेपछि विपन्न परिवारले क्षतिको क्षतिपूर्ति बिमा कम्पनीबाट पाउँछन्, मिटरब्याजीकोमा जानुपर्दैन । तसर्थ, बिमाले मिटरब्याजीलाई निरुत्साहित गर्छ ।'

अध्यक्ष सिलवालले बिमा व्यवसायमा देखिएका समस्याहरूको समाधानका लागि विकल्पसहित आउन आग्रह गर्नुहुँदै सोहीअनुरूप समस्या समाधान गर्न प्राधिकरण तयार रहेको बताए ।

यस्तै, बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख र शाखा प्रमुखहरूले नयाँ बिमालेख र बिमाशुल्कमा मात्र ध्यान दिन नहुने उनले बताए । पोलिसी ल्याप्स तथा सरेन्डरको समस्या आउन नदिन बिमालेख नवीकरणमा पनि ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बिमा दाबी भुक्तानीलाई छिटो-छरितो बनाउन र अस्वस्थ प्रतिस्पर्धा नगर्न बिमा कम्पनीहरूलाई निर्देशन दिए । कार्यक्रममा नेपाल बिमा प्राधिकरणका निर्देशक दिनेशकुमार लाल, प्राधिकरणका मधेस प्रदेश कार्यालयका प्रमुख कुसुम शर्मा, बिमा कम्पनीका प्रदेश, शाखा तथा उपशाखा कार्यालयहरूका प्रमुख र कर्मचारीहरू, निप्स, वीरगन्जका पदाधिकारीलगायतको सहभागिता रहेको थियो ।

मोटरसाइकल हरायो

मिति २०७९/१२/२४ गते बिहान अ.१:३० बजेको समयमा का.जि.का.म.न.पा.-०३, रानीबारी आसरा सुधारकेन्द्र नजिकबाट बा.प्र. ०२-०३४ प ३८३५ नम्बरको कालो रंगको यामाहा MT-15 मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

सवारी धनी: एम.ए.डब्लु इन्भेष्टमेन्ट प्रा.लि. (रूजेन कुलु)
च्यासिस नं.:ME1RG6818M0070333
इन्जिन नं. : G3N4E0185154
सम्पर्क: 9801081813

NOTICE

I, Alister Colin Fitzpatrick, Indian Citizen, son of Michael Colin Fitzpatrick have married Hadasa Rai, Nepali Citizen, daughter of Ram Kumar Rai on 09.01.2023 in Koinonia Patan Church, Kathmandu. We are applying for marriage certificate through the Embassy of India - Kathmandu, Nepal.

बिशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०७९/१२/२४ गते बसेको संचालक समितिको ७४ औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको बिशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति, स्थान र समय :
मिति : २०८० साल बैशाख ९ गते, शनिवार (तदनुसार सन २०२३, अप्रिल २२)
स्थान : सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौं ।
समय : बिहानको ९:०० बजे ।
छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरु :
क) बिशेष प्रस्तावहरु :
१. सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई प्रभु क्यापिटल लिमिटेडले प्राप्ति गर्ने सम्बन्धमा संचालक समितिबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. प्राप्तिको सम्बन्धमा प्राप्ति समिति तथा क्यापिटलले हालसम्म गरेका निर्णयहरुलाई अनुमोदन गर्ने सम्बन्धमा ।
३. सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई प्रभु क्यापिटल लिमिटेडले प्राप्ति गर्ने प्रयोजनको लागि चल अचल सम्पत्ति तथा दायित्व तथा कारोबार मुल्याङ्कन प्रतिवेदन (Due Deligence Audit-DDA) आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ (Share Swap Ratio) स्वीकृत गर्ने ।
४. प्राप्ति सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम सो समेत मिलाई संशोधन गर्न तथा प्राप्ति सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. संस्थाको चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन गर्नको लागि नियुक्त मूल्यांकन कर्ता तथा लेखा परिक्षक श्री एस आर पाण्डे एण्ड चार्टर्ड एकाउन्टेन्ट्सलाई कर/भ्याट बाहेक एक मुष्ठ रु.१,२५,०००/- (अक्षेरुपी एक लाख पच्चीस हजार मात्र भुक्तान गर्ने सम्बन्धमा ।
६. विविध ।

साधारण सभा सम्बन्धी अन्य जानकारी
१. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला गरिने छ ।
३. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०८०/०१/०७ गते दिनको ११.०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, कमलादि, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ ।
५. दफा ३ र ४ मा उल्लिखित दिन कुनै सार्वजनिक विदा पर्न गएमा समेत कम्पनीको कार्यालय खुल्ला रहने छ ।
६. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।
७. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादि, काठमाडौंमा फोन नं. ०१ ४१६८६९८ र ४१६८६९९ वा Email : info@centurycapital.com.np मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

पुनश्च: यो सूचना शेयरधनी महानुभावहरुको सम्बन्धित ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत राखिएको छ ।

आज्ञाले,
कम्पनी सचिव

सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड
Century Capital Markets Ltd.
Aryatara Bhawan, 3rd Floor, Kamaladi, Kathmandu, Nepal.Phone No: 4168698/99
Email:info@centurycapital.com.np,websit:www.centurycapital.com.np

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
१९९९ माघ २१ गते

स्वर्गारोहण:
२०७९ चैत्र १३ गते

प्रा.डा. डिल्ली देवी शाक्य

हाम्रा प्रात: स्मरणिय **डिल्ली देवी शाक्यको** असामयिक निधनले हामी सबै मर्माहत भएका छौं । उहाँको यस निधनप्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दु:खद् घडीमा हामी प्रति सहानुभुति प्रकट गर्नुहुने सम्पुर्ण आफन्तजन, ईष्टमित्रहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छौ ।

भाउजू
सानु छोरी शाक्य

भाई/बुहारीहरू
ज्ञानी रत्न शाक्य/इन्दिरा स्थापित शाक्य
रुपेन्द्र रत्न शाक्य/मीरा धाख्वा शाक्य

भतिजा/बुहारीहरू
लोकेश रत्न शाक्य/मञ्जूश्री बज्राचार्य शाक्य, अमोघ रत्न शाक्य/विना शाक्य,
राजु शाक्य/इसावेल कान्टो शाक्य, विनोद शाक्य/अन्जना शाक्य
निखिल रत्न शाक्य/रितिका सिं शाक्य, राहुल शाक्य

भतिजी/ज्वांईहरू
मलिना शाक्य/सारु गुरुङ, हसना शाक्य, रसना शाक्य/पध्म शाक्य, बाबा शाक्य
सबिता शाक्य/सुमेन्द्र शाक्य, रबिना शाक्य/गुणिन्द्र बज्राचार्य, सर्बिना शाक्य/राजु शाक्य,
प्रबिना शाक्य, अन्जना शाक्य/सुभाष शाक्य, निम शाक्य/अनिल शाक्य,
पूजा शाक्य/दिपक सेठी, नेहा देवी शाक्य

नाति/नातिनीहरू तथा सम्पुर्ण शाक्य परिवार

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं

विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,
मिति २०७९ साल चैत्र २४ गते शुक्रबार बसेको संचालक समितिको १७९ बैठकको निर्णय अनुसार यस प्रभु क्यापिटल लिमिटेडको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

सभा हुने मिति, स्थान र समय :
मिति : २०८० साल बैशाख ०९ गते, शनिबार (तदनुसार सन् २०२३, अप्रिल २२)
स्थान : रोयल सिङ्गी होटल, कमलादी, काठमाण्डौ, नेपाल ।
समय : बिहानको ९:०० बजे ।

छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीहरु :
क) बिशेष प्रस्तावहरु :
१. प्रभु क्यापिटल लिमिटेडले सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति सम्बन्धमा संचालक समितिबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. प्राप्तिको सम्बन्धमा प्राप्ति समिति तथा क्यापिटलले हालसम्म गरेका निर्णयहरुलाई अनुमोदन गर्ने सम्बन्धमा ।
३. प्रभु क्यापिटल लिमिटेडले सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि चल अचल सम्पत्ति तथा दायित्व तथा कारोबार मुल्याङ्कन प्रतिवेदन (Due Deligence Audit-DDA) आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ (Share Swap Ratio) स्वीकृत गर्ने ।
४. सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति पश्चात प्रभु क्यापिटल लिमिटेडको सम्झौतापत्र अनुसार क्यापिटलको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने तथा अन्य दफा/नियममा आवश्यक संशोधन भएको हुँदा सो बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, हेरफेर गर्न र उपयुक्त व्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी दिन सम्बन्धी प्रस्ताव सम्बन्धमा ।
५. प्राप्ति सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम सो समेत मिलाई संशोधन गर्न तथा प्राप्ति सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
६. प्राथमिक शेयर निष्काशन गर्ने सम्बन्धमा ।
७. विविध ।

अन्य जानकारीको लागि कम्पनीको कार्यालय, कमलादी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले
बासु थपलिया
कम्पनी सचिव

prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)

शनिबार २५ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.द.न. १७/०६९/०७०

नेपालले टी-२० विश्वकप छनोट खेल्ने

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट पुरुष टोली आइसिसी एकदिवसीय विश्वकपको ग्लोबल छनोटको तयारीमा छ। जिम्बाबेमा हुने ग्लोबल छनोटको शीर्ष दुई स्थानमा रहने राष्ट्र भारतमा आयोजना हुने एकदिवसीय विश्वकपमा छनोट हुनेछन्। नेपालको योजना नै टेस्ट मान्यताप्राप्त राष्ट्रहरूविरुद्ध बलियो चुनौती प्रस्तुत गर्दै विश्वकपको टिकट पक्का गर्ने पनि हो। एकदिवसीय ग्लोबल छनोटपछि नेपाल आइसिसीले आयोजना गर्ने अर्को महत्त्वपूर्ण क्रिकेटका लागि तयारीमा जुट्नेछ।

आइसिसीले सन् २०२४ को टी-२० विश्वकप वेस्ट इन्डिज र अमेरिकालाई पहिलोपटक संयुक्त रूपमा आयोजना गर्न दिएको छ। सोही विश्वकपमा स्थान पक्का गर्न नेपालले एसियन छनोट खेल्न लागेको हो। आइसिसीले पहिलोपटक उत्तर अमेरिका क्षेत्रमा टी-२० विश्वकप आयोजना गर्न लागेको हो। यसपटक विश्वकपमा सर्वाधिक २० टोली हुनेछन्।

■ एसियन क्षेत्रीय छनोटबाट दुई राष्ट्र

आइसिसीका अनुसार एसियन क्षेत्रीय छनोटबाट दुई राष्ट्र विश्वकपमा पुग्ने भनिएको छ। एसियन छनोट चरणको प्रतिस्पर्धामा नेपालसँगै ओमान, युएई, हङकङ, सिंगापुर र बहराइनले स्थान पक्का गरिसकेका छन्। यी ६ राष्ट्रहरूले एसियन छनोटको पहिलो चरणबाट आएका राष्ट्रविरुद्ध समूह चरणमा प्रतिस्पर्धा गर्नेछन्। एसियाको पहिलो चरणअन्तर्गत समूह 'ए'मा कुवेत, माल्दिभ्स, कतार र साउदी अरेबिया रहेका छन्। यसैगरी, समूह 'बी'मा भुटान, चीन, मलेसिया, म्यानमार र थाइल्यान्ड छन्।

> एसियनको क्षेत्रीय छनोट प्रतियोगिताका शीर्ष दुई राष्ट्रले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले आयोजना गर्ने टी-२० विश्वकप खेल्नेछन्

यी दुवै समूहका शीर्ष राष्ट्रले अन्तिम चरणको एसियन छनोट खेलमा भिड्नेछन्। आइसिसीले टी-२० विश्वकपको पहिलो चरणको छनोट खेल अगस्टमा राखेको छ। यो प्रतियोगितालगत्तै एसियन अन्तिम चरणको छनोट खेल हुनेछ। एसियन छनोटमा कुल आठ टोलीबीच प्रतिस्पर्धा हुनेछ। यसमा शीर्ष दुई टोलीले टी-२० विश्वकपमा स्थान बनाउनेछन्। नेपालले शीर्ष दुई स्थान हात पार्दा अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकप खेल्नेछ।

आइसिसीले अफ्रिकी महादेशबाट दुई टोलीको कोटा राखेको छ। इस्ट एसिया प्यासिफिकबाट केवल एक टोलीले विश्वकप खेल्ने पाउनेछ। फुटबलको वर्चस्व रहेको युरोपमा आइसिसी दुई राष्ट्रलाई कोटा छुट्याएको छ। यसरी आठ राष्ट्रले विभिन्न चरण पार गरी टी-२० विश्वकप खेल्नेछन्।

■ नेपाल एकपटक विश्वकपमा

नेपालको क्रिकेट इतिहासमा सन् २०१४ को विश्वकप ऐतिहासिक रह्यो। नेपालले पहिलोपटक टी-२० विश्वकप खेलेको त्यही नै थियो। बंगलादेशले आयोजना गरेको विश्वकपमा स्थान बनाउन नेपालले छनोट चरण पार गरेको थियो। विश्वकपअन्तर्गतको क्वालिफायर चरणमा नेपाल समूह 'ए'मा रह्यो। यस समूहमा आयोजक बंगलादेश, नेपाल, अफगानिस्तान र हङकङ रह्यो। नेपाल समूह चरणमा दोस्रो स्थानमा रहँदा अर्को चरणमा प्रवेश गर्न सकेन।

बंगलादेशले भिनो रनरेटमा नेपाललाई निराश पार्दै अर्को चरणमा स्थान बनाएको थियो। नेपाल र बंगलादेशले समान चार अंक बटुलेका थिए। नेपालले अफगानिस्तान र हङकङजस्ता बलिया राष्ट्रलाई हरायो। नेपालले हङकङलाई ८० रन र अफगानिस्तानमाथि नौ रनको रोमाञ्चक जित निकाल्यो। हङकङविरुद्ध शक्ति गौचनले नौ रन खर्चेर तीन विकेट लिएका थिए। अफगानिस्तानसँगको प्रतिस्पर्धामा नेपालका ओपनर सुवास खकुरेलले ५६ रनको अर्धशतकीय इनिङ्स खेले।

■ लगातार चार संस्करणमा २० राष्ट्र

सन् २०२१ मा आइसिसीको कार्य समितीले टी-२० विश्वकपलाई बढी रोमाञ्चक र प्रतिस्पर्धात्मक बनाउन थप टोली राख्ने निर्णय गऱ्यो। यस निर्णयअनुसार लगातार चार संस्करणसम्म २० राष्ट्रबीच आइसिसी टी-२० विश्वकप हुने भएको हो। सन् २०२४, ०२६, ०२८ र ०३० सम्मको टी-२० विश्वकपमा २० राष्ट्रबीच प्रतिस्पर्धा हुनेछ। खेलको संस्करणमा खासै परिवर्तन भएको छैन। सुरुवातमा समूह चरण हुनेछ। त्यसपछि नकआउट वा सुपर ऐटको अवधारणा लागू हुनेछ। आइसिसीले प्रत्येक विश्वकप संस्करणमा आयोजक र कार्य समितिको बैठकले खेलको अवधारणाको निर्णय गर्ने जनाएको छ। सन् २०२६ मा श्रीलंका र भारतले संयुक्त रूपमा विश्वकप आयोजना गर्नेछन्। त्यसपछि अस्ट्रेलिया र न्युजिल्यान्डले आयोजना गर्नेछन्। सन् २०३० टी-२० विश्वकपमा इंग्ल्यान्ड, वेल्स, स्कटल्यान्ड र आयरल्यान्डले आयोजना गर्न सक्छन्। सन् २०१२ को संस्करणमा १६ राष्ट्रबीच प्रतिस्पर्धा भएको थियो। आइसिसीले हरेकपटकको संस्करणमा शीर्ष आठ टोलीलाई सीधै स्थान दिएको छ।



फाइल तस्बिर

■ १२ राष्ट्र सीधै छनोट

आयोजकका रूपमा वेस्ट इन्डिज र अमेरिका छनोट भइसकेका छन्। गत वर्ष अक्टोबर-नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष आठ टोलीले सीधै अमेरिका र वेस्ट इन्डिजमा हुने प्रतिस्पर्धामा स्थान पक्का गरेका छन्। अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका गत वर्षको टी-२० विश्वकपको शीर्ष आठ स्थानमा रहँदै स्थान सुरक्षित गरेका हुन्। त्यसपछि अफगानिस्तान र बंगलादेशले आइसिसीको वरीयता प्राप्त गर्दै विश्वकपमा स्थान पक्का गरेका हुन्। क्षेत्रीय छनोटबाट आठ टोली आउँदा विश्वकपमा यसपटक २० राष्ट्रबीच प्रतिस्पर्धा हुन लागेको हो। सन् २०२२ को १४ नोभेम्बरसम्मको आइसिसी टी-२० वरीयतामा शीर्ष १२ स्थानभित्र पर्दा अफगानिस्तान र बंगलादेशले अर्को वर्षको टी-२० विश्वकपमा स्थान पक्का गरेका हुन्। आयोजकका रूपमा अमेरिकाको यो पहिलो विश्वकप हुनेछ। अमेरिका यसअघिका संस्करणमा छनोट भएको थिएन।

■ तीन राष्ट्र एकपटक विश्वकपमा

टी-२० विश्वकपमा तीन राष्ट्र समान एकपटक छनोट भएका छन्। नेपाल, केन्या र पपुवा न्युगिनीले एक-एकपटक विश्वकप खेले। सन् २००७ को पहिलो संस्करणमा केन्याले प्रतिस्पर्धा गरेको थियो। सन् २०१४ मा नेपाल र २०२१ को संस्करणमा पपुवा न्युगिनी विश्वकपमा पुगेका थिए। विश्वकपमा नामिबिया, युएई, हङकङ र ओमानले समान दुईपटक विश्वकप खेलेका छन्।

एसोसिएट राष्ट्रतर्फ शीर्ष स्थानमा रहेको स्कटल्यान्ड र नेदरल्यान्डले पाँचपटक विश्वकपमा भाग लिएका छन्। टेस्ट मान्यताप्राप्त आयरल्यान्डले सातपटक, अफगानिस्तान र जिम्बावेले समान ६ पटक विश्वकपमा स्थान बनाएका छन्। इंग्ल्यान्ड, वेस्ट इन्डिज, भारत, अस्ट्रेलिया, श्रीलंका, पाकिस्तान, न्युजिल्यान्ड, दक्षिण अफ्रिका र बंगलादेशले सर्वाधिक आठपटक विश्वकपको अन्तिम स्थान सुरक्षित गरेका छन्।

खेल संक्षेप

सोनाम र भूपेन्द्र फाइनलमा

काठमाडौं/ एपिएफका सोनाम सार्की र नेपाल प्रहरीका भूपेन्द्र थापा वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगिताको पुरुष ६३.५ केजी तौलसमूहमा फाइनलमा प्रवेश गरेका छन्। सोनामले बागमती प्रदेशका सागर दर्जीलाई हराउँदै अन्तिम दुई स्थान रक्षा गरेका हुन्। १३औं दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता भूपेन्द्रले सुदूरपश्चिम प्रदेशका महेन्द्र चन्दलाई पराजित गरे। पुरुष ५१ केजीमा बागमतीका रविन थापाले मधेस प्रदेशका लक्ष्मण राईलाई हराए। प्रतियोगिताअन्तर्गत महिला ५० केजीमा बागमतीकी सुष्मा तामाङले कर्णालीकी तेजीमाया गुरुङमाथि एकपक्षीय जित निकाली फाइनल स्थान पक्का गरिन्। सोही समूहमा मधेसकी अस्मिता दुवाललले सुदूरपश्चिमकी सोनिया सेट्टीलाई निराश पारिन्।

स्टारको दोस्रो जित

कास्की/ स्टार क्रिकेट एकेडेमीले पोखरामा सञ्चालन भइरहेको नेपाल कप यू-१९ क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित हात पारेको छ। इलाम क्रिकेट एकेडेमी र जनकपुर क्रिकेट एकेडेमी लगातार दुवै खेलमा पराजित भएका छन्। प्रतियोगिताको शुक्रबार भएको खेलमा पल्सरले इलामलाई ९७ रनले पराजित गऱ्यो। पहिलो ब्याटिङ गरेको पल्सरले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६२ रनको योगफल तयार गऱ्यो। इलामले २० ओभरमा आठ विकेटको क्षतिमा ६५ रन मात्र बनायो। पल्सरका रोशन साउदले ५४ बलमा पाँच चौका र चार छक्का प्रहार गर्दै ७५ रन बनाए। दोस्रो खेलमा स्टारले जनकपुर क्रिकेट एकेडेमीलाई ४३ रनले पराजित गऱ्यो। पहिलो ब्याटिङ गरेको स्टारले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २५ रन जोडेको थियो। जनकपुरले १९ ओभरमा ८२ रनमा समेट्यो।

सुदूरपश्चिम र प्रहरी विजयी

विराटनगर/ सुदूरपश्चिम प्रदेश र नेपाल प्रहरीले चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगितामा शुक्रबार जित हात पारेका छन्। विराटनगरको सहिद रंगशालामा सुदूरपश्चिमले कोसी प्रदेशलाई ३-१ गोलले पराजित गऱ्यो। सुदूरपश्चिमका महेश नेपाली, सागर बोहरा र अमित ओझाले गोल गरे। कोसीका विशु घिमिरेले एक गोल फर्काए। प्रहरीले कर्णालीलाई ७-० गोलले हरायो। रोहित लामाले दुई गोल गरेका थिए।

राष्ट्रिय भलिबल मंगलबारदेखि

काठमाडौं/ प्रथम पोष्टबहादुर बोगटी स्मृति कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता आउँदो मंगलबारदेखि हुने भएको छ। पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठानको आयोजनामा हुने प्रतियोगिता २ वैशाखसम्म हुनेछ। प्रतियोगितामा एपिएफ, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमले भाग लिनेछन्। प्रतियोगिताका विजेताले चार लाख, उपविजेताले दुई लाख, तेस्रो हुनेले एक लाख तथा चोथा स्थानमा रहने टोलीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, विभिन्न ६ विधाका उत्कृष्ट खेलाडीले जनही १० हजार रुपैयाँ पाउनेछन्।

अपराजित मनाङ शीर्ष स्थानमा उक्लियो

काठमाडौं/ मनाङ-मर्स्याङ्दी क्लब सहिद स्मारक 'ए' डिभिजन लिग ०७९/८० को शीर्ष स्थानमा उक्लिएको छ। च्यासल मैदानमा शुक्रबार भएको खेलमा फ्रेन्ड्स क्लबलाई २-० ले हराउँदै मनाङ लिगको छैटौं चरण समाप्तिपछि पहिलोपटक शीर्ष स्थानमा पुगेको हो। जितसँगै मनाङले ६ खेलबाट सर्वाधिक १४ अंक जोडेको छ। मनाङले अपराजित यात्रामा चार जित र दुईबराबर नतिजा निकाल्यो। एक खेल बढी खेलेको जावलाखेलको समान १४ अंक छ। तर, गोलअन्तरका आधारमा जावलाखेल दोस्रो स्थानमा रह्यो। खुमलटार युथ क्लबसँग २-२ गोलको बराबरीमा रोकेपछि जावलाखेलले शीर्ष स्थान जोगाउन सकेन। मनाङसँग पराजित फ्रेन्ड्स चार अंकसहित लिगको १२औं र खुमलटार सात अंकसहित नवौं स्थानमा छन्।



मनाङका प्रशिक्षक किरण श्रेष्ठले खेलाडीको मिहिनेतका कारण टोली शीर्ष स्थान पुगेको बताएका छन्। 'यो सबै उपलब्धि खेलाडीको मिहिनेतका कारण हो, अहिले खेलाडीबीच तालमेल राम्रो छ,' मनाङका प्रशिक्षक श्रेष्ठले भने, 'खेलाडीले एकले अर्कालाई विश्वास गर्छन्, यस कारण नतिजा हाम्रो पक्षमा आइरहेको छ।'

विदेशी खेलाडी कोफी टिमोथीले दुई गोलको सहयोगमा मनाङले फ्रेन्ड्सविरुद्ध सहज जित निकाल्यो। मनाङले फ्रेन्ड्सविरुद्ध दुवै गोल काउन्टर अट्याकमा गरेको थियो। अफ्रिकन राष्ट्र टोगोका कोफीले पहिलो र दोस्रो हाफमा एक-एक गोल गरे। खेलको ३४औं मिनेटमा उनले मनाङलाई १-० को अग्रता दिलाए। कमल थापाको पासमा कोफीले डिबक्सबाहिरबाट उत्कृष्ट गोल गरे। खेलको ५२औं मिनेटमा कोफीले मनाङलाई २-० को स्थितिमा राखे। सुमित श्रेष्ठको काउन्टरमा प्राप्त पासलाई कोफीले बक्सभित्रबाट सहजै गोल गरे। लिगमा उनको तेस्रो गोल हो।



६ वर्षपछि अर्जेन्टिना फिफा वरीयताको शीर्ष स्थानमा

जुरिच/ ६ वर्षपछि विश्व च्याम्पियन अर्जेन्टिना फिफा वरीयताको शीर्ष स्थानमा उक्लेको छ। फिफाले अप्रिल महिनाको नयाँ फिफा वरीयता सार्वजनिक गर्दा अर्जेन्टिना शीर्ष स्थानमा उक्लेको हो। अर्जेन्टिनाले एक स्थान सुधार गरेको हो। अर्जेन्टिनाले पाँचपटकको विश्व च्याम्पियन ब्राजिललाई शीर्ष स्थानबाट विस्थापित गरेको छ। ब्राजिलले दुई स्थान गुमाउँदा तेस्रो स्थानमा झरेको छ। विश्वकपको उपविजेता फ्रान्सले एक स्थान सुधार गरी दोस्रो स्थानमा उक्लेको छ। विश्व वरीयतामा चौथोदेखि दसौं स्थानसम्म केही परिवर्तन भएन।

> ६ वर्षपछि फिफा वरीयताको शीर्ष स्थानमा पुगेको विश्व च्याम्पियन अर्जेन्टिनाले पूर्वविजेता ब्राजिललाई दुई स्थान पछि पाऱ्यो

बेल्जियम चौथो, इंग्ल्यान्ड पाँचौं, नेदरल्यान्ड्स छैटौं, क्रोएसिया सातौं, इटाली आठौं, पोर्चुगल नवौं र स्पेन दसौं स्थानमा यथावत् छन्। अर्जेन्टिनाले सर्वाधिक १८४० अंक जोडेको छ। फ्रान्सले १८३८ अंक हात पारेको छ। अर्जेन्टिना र फ्रान्सबीच केवल दुई अंकको फरक रहेको छ। तेस्रो स्थानमा रहेको ब्राजिलको १८३४ रेटिङ अंक रहेको छ। अर्जेन्टिनाले पछिल्ला दुई खेलमा पानामालाई २-० र काराकोओलाई ७-० ले हराएको थियो।

यही दुई महत्त्वपूर्ण जितले अर्जेन्टिना फिफा वरीयताको शीर्ष स्थानमा उक्लेको फिफाले जनाएको छ। अर्जेन्टिनाले गत डिसेम्बरमा कतारमा भएको विश्वकपको फाइनलमा फ्रान्सलाई टाइब्रेकरमा हराएको थियो। अर्जेन्टिना अन्तिमपटक सन् २०१७ मा शीर्ष स्थानमा रहेको थियो। यसअघि शीर्ष स्थानमा रहेको ब्राजिलले भने मोरक्कोसँग मैत्रीपूर्ण खेलमा २-१ ले पराजित भएको थियो। यस हारसँगै ब्राजिलले आफ्नो शीर्ष स्थान गुमायो। फिफा वरीयतामा क्यामरुनले सर्वाधिक अंक गुमाएको छ। क्यामरुनले २९ रेटिङ अंक गुमाउँदा नौ स्थान तल झरेको छ।



■ नेपालको स्थान सुधार

प्रधानमन्त्री श्री नेसन्स कप फुटबल प्रतियोगिताको विजेता नेपालले फिफा वरीयतामा एक स्थान सुधार गरेको छ। नेपाल नयाँ वरीयतामा १७४औं स्थानमा छ। नेपालले गत साता वरीयतामा आफूभन्दा मुनिका राष्ट्र लाओस र भुटानसँग श्री नेसन्स कपमा प्रतिस्पर्धा गरेको थियो। नेपालले भुटान र लाओससँगको फिफा डेमा प्रतिस्पर्धा गरेको थियो।

नेपाल र लाओसबीचको फाइनल खेल फिफा डे नपरेका कारण दुवै राष्ट्रले वरीयता अंक पाएनन्। नेपालले ६.१६ रेटिङ अंक प्राप्त गरेको छ। भुटान १८५औं स्थानमा यथावत् रहेको छ। श्री नेसन्स कपको फाइनलिस्ट राष्ट्र लाओसले एक स्थान गुमाएको छ। लाओस नयाँ वरीयताको १८८औं स्थानमा रह्यो। यसअघि लाओस १८७औं स्थानमा थियो। दक्षिण एसियाली राष्ट्रमा भारत शीर्ष स्थानमा छ। विश्व वरीयतामा भारत १०१औं स्थानमा छ।

भारतपछि माल्दिभ्स दक्षिण एसियामा दोस्रो स्थानमा छ। माल्दिभ्स १५४औं स्थानमा छ। बंगलादेश १९२ र पाकिस्तान १९५औं स्थानमा छन्। फिफा वरीयतामा श्रीलंका सबैभन्दा पुछार २०७औं स्थानमा रहेको फिफाले जनाएको छ। एसियाली राष्ट्रतर्फ जापान सबैभन्दा माथि २०औं स्थानमा छ। इरान २४औं र दक्षिण कोरिया २७औं स्थानमा छन्।

संस्थापक समुहको शेयर बिक्री सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९/१२/२५ गते)

यस वित्तीय संस्थाका केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्न संचालक समिति मार्फत आवेदन दिनु भएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तिय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त संस्थापक शेयर खरिद गर्न ईच्छुक संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलान्चोकमा लिखित जानकारी गराउन हुन अनुरोध गरिन्छ। तोकिएको समयावधि भित्र विद्यमान संस्थापकहरुबाट शेयर खरीद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम शेयर बिक्री प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

मिर्मिरे लघुवित वित्तीय संस्था लिमिटेड
Mirmire Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, बनेपाबजार काभ्रेपलान्चोक
फोन नं. ०११-६६२३११/१२, ईमेल ठेगाना : info@mirmirebank.com.np

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com